# धर्मकीर्ति

## THE DHARMAKIRTI

### A BUDDHIST MONTHLY

चैत्र पूर्णिमा



भगवान बुद्ध - भूमि स्पर्श मुद्रा

DHARMAKIRTI

वर्ष- १५ अङ्क- १२ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# बैशाख पूर्णिमा महोत्सव

परम्परागत चलन चल्ति अनुसार २५४२ औं बैशाख पूर्णिमा आगामी बैशाख २८ गते पर्न आउँछ। उक्त अवसरमा देशब्यापी मात्र होइन अन्तरराष्ट्र ब्यापी विभिन्न रचनात्मक कार्यक्रमहरू (प्रवचन, धर्मदेशना, रक्तदान, सफाई अभियान र पत्र पत्रिका प्रकाशन आदि) बनाई बुद्ध पूर्णिमा मनाउँदै आइरहेको छ। यो त औपचारिकता मात्र भयो। हुनत बुद्ध पूर्णिमा भनेको नै बुद्ध जीवनी र बुद्धको गुण स्मरण गर्नु हो। त्यसैले जुलुस, भजन कीर्तन आदि गरी देखावटी भक्ति मार्गमा मात्र लाग्ने हो भने त कृष्णाष्टमी, राम नवमी मनाई रमझम गर्ने र बुद्ध पूर्णिमा उत्सव मनाउने तरिकामा के फरक पऱ्यो त ?

यहाँ प्रश्न उठ्न सक्छ, के कस्तो फरक हुनु पऱ्यो त ? बुद्ध शिक्षा अनुसार बैशाख पूर्णिमा मनाउने हो भने मैत्री (अरूलाई मित्र भाव राख्ने), करुणा (अरूलाई दयाभाव राख्ने), मुदिता (आफूलाई जुनसुकै अवस्थामा पनि प्रशन्न राख्ने) र उपेक्षा (आफूलाई जुनसुकै प्रतिकुल अवस्थामा पनि मन कम्प नगरी तटस्थ भावमा राख्न सक्नु) जस्ता चतुर्ब्रह्म विहार गुणले युक्त भएर बैशाख पूर्णिमा मनाउन परेको देखिन्छ। तर आजको वातावरण यसको ठीक उल्टो भइरहेको देखिन्छ। त्यसकारण कमसेकम बैशाख पूर्णिमाको अघिल्लो दिन, बुद्ध पूर्णिमाको दिन र यसको भोलिपल्ट गरी जम्मा तीन दिन भएपनि बुद्धको शिक्षा अनुशरण गर्नु पर्ने देखिन्छ। यी तिन दिन मात्रै भएपनि आफूलाई मादक पदार्थ सेवन, हिंसा कर्म र छलकपट कार्यहरू आदिबाट टाढा राख्नु सके राम्रो हुने थियो। यसरी धर्माचरण गरी बैशाख पूर्णिमा मनाउन सकेमा सही रुपमा बुद्ध जयन्ती मनाएको ठहरिने छ। बुद्धका अनुयायी बन्न चाहने महानुभावहरू सबैले उपयुक्त कुराहरूलाई सम्झी बुद्ध सम्बततिर मात्र ध्यान दिइरहनु भन्दा बुद्धको ऐतिहासिक शिक्षाप्रद घटनाहरू र बुद्ध शिक्षाको महत्त्वलाई पनि बुझी यसलाई आफ्नो जीवनमा अभ्यास गर्ने कोशिस पनि गर्नेछ भन्ने बारे धर्मकीर्ति आशा राख्दछ।

## ❁ धर्मकीर्ति पत्रिका नविकरण सम्बन्धि सूचना ❁

धर्मकीर्ति पत्रिकाको आगामी अंक (२०५५ साल, वर्ष १६ को अंक १ देखि १२ सम्म) प्रकाशित हुने पत्रिकाको लागि साधारण सदस्यता नविकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछु।

पुनश्च : धर्मकीर्ति पत्रिकाको नाममा नविकरण शुल्क पठाई सहयोग गरिदिनु हुन पनि सम्पूर्ण सदस्यहरूलाई अनुरोध गरिन्छ।

– प्रमुख ब्यवस्थापक

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

April 1998

| | | | |
|---|---|---|---|
| वर्ष- १५ | अङ्क- १२ | ल्हुतिपुन्ही | २०५४ |





★ अरूको अहित हुने काम गर्नेलाई आर्य भन्दैन, धेरैको हित हुने काम गर्नेलाई मात्र आर्य भन्दछन् ।

***

★ केश फुल्दैमा स्थविर (जेठो) भनिन्न, उसको आयु परिपक्वै होस् व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ ।

***

★ धेरै बोल्ने गर्दैमा पण्डित विद्वान बनिन्न, जो क्षमाशील अवैरी तथा अहंकाररहित छ, त्यसलाई विद्वान भन्दछन् ।

Downloaded from http://www.dhamma.digital

# विशाखाको दृढ श्रद्धा

✍ डा. भीमराव अम्बेडकर
*अनुवादक :* ललितरत्न शाक्य

१. विशाखा अङ्ग राज्यको भद्दिय नगरमा जन्मेकी थिइन् ।

२. पिताको नाम धनञ्जय र माताको नाम सुमना थियो ।

३. एकदिन सेल ब्राह्मणको निमन्त्रणामा भिक्षु संघ सहित तथागतले भद्दियको यात्रा गर्नुभयो । सेल ब्राह्मणकी नातिनी विशाखाको उमेर त्यसबेला सात वर्षको थियो ।

४. सात वर्षकी विशाखाले आफ्ना बाजे मेण्डक समक्ष भगवान् बुद्धको दर्शन गर्ने ईच्छा प्रकट गरिन् । मेण्डकले तथागतको दर्शन गर्ने अनुज्ञाका साथै पाँचसय साथीहरू, पाँचसय दास र पाँचसय रथ पनि लैजाने अनुमति दिए ।

५. रथलाई केही दूरीमा राखेर तिनी पैदल नै तथागत समक्ष गइन् ।

६. भगवान् बुद्धले विशाखालाई धर्मको उपदेश दिनु भयो । त्यसपछि तिनी तथागतको गृहस्थ-शिष्या (=उपासिका) भइन् ।

७. त्यसपछि मेण्डकले पन्ध्र दिनसम्म भिक्षु संघलाई निमन्त्रणा गरेर भोजन गराइरहे ।

८. विम्बिसारले धनञ्जयलाई प्रसेनजितको अनुरोधमा कोशल राज्यमा बस्न पठाए । विशाखा पनि साकेतमा माता-पितासँग दिन व्यतीत गर्न लागिन् ।

९. श्रावस्तीमा एकजना सेंठ बस्दथे । नाम थियो मिगार । सेंठले आफ्नो पुण्यवर्धन नाम भएको छोराको विवाह गरिदिन चाहन्थे । उनले केही व्यक्तिहरूलाई योग्य कन्याको खोजी गर्न पठाए ।

१०. केटी खोज्दै हिंड्ने मण्डली घुम्दै फिर्दै साकेत आइपुगे । शायद त्यो दिन कुनै चाड वा पर्वको दिन थियो, तिनीहरूले सरोवरमा नुहाउन गइरहेकी विशाखालाई देखे ।

११. त्यसैबेला जोरसँग वर्षा भयो । विशाखाकी सखीहरू दौडेर आश्रय खोज्न थाले, तर विशाखा भने आफ्नै स्वाभाविक चालले हिंड्दै त्यस ठाउँमा पुगिन् जहाँ मिगारका दूतहरू उभिरहेका थिए ।

१२. तिनीहरूले विशाखासँग सोधे, "तिमीले दौडेर किन ओत लागिनौ र किन आफ्ना लुगाहरू भिज्न दियौ ?" "मसँग लुगाको कमी त छैन, तैपनि दगुर्नाले चिप्लेर लड्ने तथा अंग-भंग हुने डर हुन्छ ।" यसरी विशाखाले उत्तर दिइन्, "अविवाहिता केटीहरू विक्रीका लागि राखिएका वस्तुजस्तै हुन् । तिनीहरूको रूप-रंग ठीकसँग राखिएको हुनुपर्छ ।"

१३. उनको सौन्दर्यले त्यस मण्डलीलाई पहिले नै प्रभावित पारिसकेको थियो । तिनको बुद्धि देखेर त झनै प्रभावित भए । दूतहरूले विशाखालाई एउटा फूलको गुच्छा अर्पण गरे, जुन विवाहको प्रस्तावको प्रतीक थियो, स्वीकृत भयो ।

१४. विशाखा घरतिर फर्कंदा मिगारका दूतहरू पनि तिनको पछिपछि लागे । तिनीहरूले पुण्यवर्धन र विशाखाको विवाह गर्ने प्रस्ताव विशाखा-पिता धनञ्जय समक्ष प्रस्तुत गरे । प्रस्ताव स्वीकृत भयो र चिट्ठीको आदान-प्रदानद्वारा निश्चित पनि भयो ।

१५. यो कुरा सुनेपछि राजा प्रसेनजितले पुण्यवर्धन सँगै साकेत जाने इच्छा प्रकट गरे । त्यो एउटा असाधारण सम्मान सूचक कुरा थियो । धनञ्जयले राजा र राज्याधिकारीहरू, मिगार, पुण्यवर्धन तथा जन्तीमा सम्मिलित सबैको बडो आदर सत्कार गरे । आतिथ्यमा कुनै पनि कुराको कमी हुन दिइएन ।

१६. दुलहीको निमित्त गहना बनाउन पाँचसय सुनारहरू नियुक्त गरियो । धनञ्जयले छोरीलाई धनले भरिएका पाँचसय गाडीहरू, सुनका भाँडाहरूले भरिएका पाँचसय र, पशुहरू आदिले भरिएका पाँचसय गाडाहरू दाइजोमा दिए ।

१७. धनञ्जयले छोरी विशाखालाई विदाइ दिने समयमा दश उपदेशहरू दिए । सँगैको कोठामा बसिराखेको कारण मिगारले ती सबै कुराहरू सुने । ती दश उपदेशहरू थिए - "१) घरको आगो बाहिर जान नदिनू । २) वाहिरको आगो घरभित्र ल्याउन नदिनू । ३) त्यस्तो व्यक्तिलाई मात्र पैंचो दिनू जसले पैंचो तिर्छ । ४) त्यस्तो व्यक्तिलाई नदिनू, जसले पैंचो तिर्दैन । ५) जसले दिन्छ, त्यसलाई दिनू । ६) जसले दिँदैन



Downloaded from http://www.dhamma.digital

त्यसलाई नदिनू । ७) प्रसन्नतापूर्वक बस्नू । ८) प्रसन्नतापूर्वक खानू, । ९) आगोलाई सम्हाल्नु र १०) कुलदेवताको सम्मान गर्नु ।"

१८. भोलिपल्ट धनञ्जयले आठजना गृहस्थहरूलाई आफ्ना छोरीको गुण-दोषहरू विवेचन गर्न नियुक्त गरे। तिनीहरूको कर्तव्य थियो विशाखाको चारित्रिक दोषहरू पत्ता लगाउने ।

१९. मिगार आफ्नो पुत्र बधुलाई श्रावस्तीको जनताले देखोस् भन्ने चाहन्थे । मानिसहरू सडकका दुबैतिर उभिएका थिए र रथमा उभिएर नै विशाखाले श्रावस्तीमा प्रवेश गरिन् । मानिसहरूले तिनीलाई अनेकन उपहार प्रदान गरे । तर तिनीले ती उपहारहरू सबै मानिसहरूमा बाँडिदिइन् ।

२०. मिगार निगण्ठहरूका उपासक थिए । विशाखा पति गृहमा आइसकेपछि उनले छिट्टै नै निगण्ठहरूलाई बोलाउन पठाए । मिगारले विशाखालाई तिनीहरूको स्वागत गर्न लगाए, तर तिनीहरूको नग्नता देखेर उनी ज्यादै उद्विग्न भइन् र तिनीहरूप्रति सम्मान प्रकट गर्न इन्कार गरिदिइन् ।

२१. निगण्ठहरूले विशाखालाई फर्काइदिने आग्रह गरे तर मिगारले प्रतीक्षा गर्न उचित सम्झे ।

२२. एकदिन मिगार भोजन गर्दैथिए र विशाखा सँगै बसेर पंखा हम्कीरहेकी थिइन् । घरको ढोका बाहिर एकजना भिक्षु उभिराखेको देखेर मिगारको नजर उसमाथि परोस् भनी विशाखा एकातिर पन्छिदिइन्, तर मिगारले भिक्षुतिर हेर्दै हेरेनन् । उनी भोजन गर्नमै मस्त थिए ।

२३. यस्तो व्यवहार देखेर विशाखाले भिक्षुसंग भनिन्, "भन्ते ! जानुहोस्, मेरो ससुराले बासी भोजन गर्दै हुनुहुन्छ । मिगारलाई खूबै रिस उठ्यो र उनले भिक्षुलाई हकारेर पठाइदिने धम्की दिए तर विशाखाको अनुरोधमा आठ जनाको 'पंचायत' समक्ष समस्या प्रस्तुत गरियो ।

२४. विशाखा विरूद्ध जति पनि आरोप लगाइएका थिए तिनीहरूले ती सबैका जाँच गरे तर विशाखालाई निर्दोष फेला पारे ।

२५. त्यसपछि विशाखाले आफ्नो माइत फर्केर जाने तयारी गरियोस् भनी आदेश दिइन् । मिगार र उनकी पत्नीले क्षमा मागे । विशाखाले, भगवान् बुद्ध र उहाँका भिक्षुहरूलाई मिगारले घरमा निमन्त्रणा गर्नु पर्ने शर्तमा घर बस्न स्वीकार गरिन् ।

२६. यो त उनले माने, तर निगण्ठहरूको दबावले गर्दा तथागतलाई भोजन गराउने काम उनले विशाखालाई नै सुम्पिदिए । भोजन पश्चात् पर्दा पछाडिबाट मिगार दम्पतीले तथागतको 'प्रवचन' पनि सुनिरहे ।

२७. त्यस प्रवचनको प्रभाव तिनीहरूमाथि यस्तो पर्न गयो कि उनी त उपासक पो हुन गए ।

२८. उनले विशाखाप्रति असीम कृतज्ञता प्रकट गरे । यसपछि उनले विशाखालाई आफ्नै आमा समान सम्झन लागे र त्यस्तै प्रकारले आदर-सत्कार पनि गर्न थाले । त्यसै बेलादेखि विशाखाको नाम 'मिगारमाता' हुनगयो ।

२९. तथागतप्रति विशाखाको यस्तै नै दृढ श्रद्धा थियो । ■

## निर्भिकता हे निर्वाण थ्यनीगु लँपु

✍ पूर्णकाजी तुलाधर

बुढा बुढी जुया वंसां ग्याय्‌मते छिकपिं
अन्न भखारी थें पुण्य सम्पत्ति यक्को दुपिं
जन्म जुलकि हे सकलें बुढा बुढी जुइपिं
मदुनि थौंतक बुढा बुढी मज्वीक च्वने फुपिं
अनन्त कल्पं निसें जन्म जुक्को प्राणीपिं
बुढा बुढी जुलकि सकलें सिनावने मा:पिं
सीमानिगु देह ज्वना: जन्म कया च्वनापिं
सी धका: छाय् ग्याना च्वनेमा:गु भीपिं
ग्याय् मते अजि, बाज्या, दाजु किजा तता क्येहेंपिं
यक्को दान धर्म पुण्य कार्य याना च्वना दीपिं
भाग्यमानी ख: छिकपिं बुद्ध धर्म संघया शरणे वनाच्वंपिं
शील समाधि व प्रज्ञा, ध्यान भावना याना च्वनादीपिं
धर्मकीर्ति विहारया श्रद्धावान् उपासक उपासिकापिं
थ्वहे जन्मे भव बन्धनं मुक्त जुया निर्वाणे थ्यनेमा छिकपिं



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१०५

✍ रीना तुलाधर (बनिया)

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थट्ठितो मुञ्चेय्य पापकम्मा**

**अर्थः–** आकाशमा, समुद्रको बिचमा वा पर्वतको गुफामा आदि जहाँसुकै भएता पनि आफूले गरेको पापकर्मको फलबाट बच्ने ठाउँ यो लोकमा कतै छैन ।

**घटनाः–** भिक्षुहरूको एक समूह श्रावस्तीमा जेतवन विहार मा बसीरहनु भएका भगवान बुद्धलाई भेट्न र दर्शन गर्न भनी टाढैबाट आईरहेका थिए । बाटोमा एउटा गाउँमा आई पुग्यो । त्यस गाउँमा त्यस समयमा ती भिक्षुहरूलाई भोजन गराउन भनी खाना पकाईरहँदा आगो उछिल्तिएर एउटा घरमा आगो लाग्यो । घरको छानोमा पनि आगो लागेपछि आगोको एउटा ढिक्को आकाशमा हावाले उडायो । त्यही समयमा आकाशमा उडीरहेको एउटा काग त्यही आगोमा परी, जली माथिबाट तल खसेपछि मऱ्यो । काग त्यस्तो दशामा मरेको देखेर भिक्षुहरूले त्यो कागले पूर्वजन्ममा कस्तो पाप गरेकोले आज यस्तरी मर्नुपऱ्यो भन्ने कुरा त भगवान बुद्धले नै मात्रै भन्न सक्नु हुन्छ । यस्तो सोची भोजन गर्न सिद्धिएपछि भिक्षुहरू पुनः आफ्नो बाटो लागे ।

भिक्षुहरूकै अर्को एक समूह अन्तैबाट भगवान बुद्धलाई भेट्न र दर्शन गर्न भनी जहाजमा बसेर समुद्री बाटोबाट आईरहेका थिए । समुद्रको बिचमा पुगेपछि जहाज अचानक चल्न छोड्यो । कति प्रयत्न गर्दा पनि जहाजलाई चलाउन नसकेपछि जहाजमा बसेर आएका मानिसहरूले पक्कै पनि जहाजमा कुनै एक अलक्षण मानिस हुनुपर्छ भनी ठानेर त्यो अलक्षणलाई जहाजबाट खसाल्नु पऱ्यो भन्ने निर्णय गरे । त्यो अलक्षण मानिस पत्ता लगाउन तीन पटकसम्म गोला लगाउँदा पनि जहाजको नायकको पत्नीलाई नै पऱ्यो । जहाजको नायकले मेरी पत्नीको कारणले जहाजमा बसेका सबै मानिसहरूको प्राण गुमाउनु भएन । मेरी पत्नीलाई समुद्रमा खसाली दिनु । बरु उसको गर्धनमा एउटा ठूलो बालुवाको पोका बाँधेर छिट्टै डुबेर जाने गरी खसाल्नु । उसले छतपताइरहेको म देख्न सक्तिन ।" भनी दुःखपूर्वक भने । सोही अनुसार गरिएपछि ती स्त्री समुद्रमा डुवेर मरीन् । त्यसको यो दशा देखेर जहाजमा भएका भिक्षुहरूले "यो स्त्रीको पूर्वजन्मको के पापकर्मले गर्दा यस्तो भयो होला त्यो त भगवान बुद्धले नै थाहा पाउनु हुन्छ ।" भनी सोची भगवान बुद्धलाई भेटेपछि सो कुरा सुन्ने विचार गरे ।

त्यही समयमा सात जना भिक्षुहरूको अर्को एक समूह भगवान बुद्धलाई भेट्न आईरहेका थिए । बाटोमा बास गर्न कुनै विहारमा ठाउँ नपाएकोले विहारका एक भिक्षुले पर्वतको कुनामा एउटा गुफामा सातवटा ओछ्यानहरू राखेको ठाउँमा त्यहीं ठीक होला भनेर त्यो गुफामा बास बस्न पठाइदियो । ती सातजना भिक्षुहरू त्यहाँ सुतीरहेको बेलामा राती बेस्सरी पानी परेर एउटा ठूलो ढुंगा पर्वतबाट खसी त्यो गुफाको प्रवेशद्वार बन्द हुने गरीकन त्यहीं पर्न आयो । विहान यसरी गुफाको ढोका बन्द भएको देखेर विहारका भिक्षुले आसपासका गाउँहरूमा मानिसहरू बोलाएर मद्दत मागे । धेरै मानिसहरूले कैयौं प्रयत्न गर्दा पनि सात दिनसम्म त्यो ढुंगालाई अलिकति पनि चलाउन सकेनन्। सात दिनसम्म भित्र परेका भिक्षुहरू खाना र पानी खान नपाएर दुःख कष्ट भोगीरहे । सात दिनपछि राती फेरि पानी परेर त्यो ढुंगा आफै त्यहाँबाट सरेर गयो । भिक्षुहरूले आफूहरूको त्यो दशा भएको के कारणले हो यो त भगवान बुद्धले नै भन्नु सक्नु हुन्छ भनी त्यहाँबाट आफ्नो बाटो लागे ।

ती तिनवटै भिक्षुहरूको समूह बाटोमा एकै ठाउँमा भेटेर एकै साथमा भगवान बुद्धकहाँ भेट्न पुगे । भगवान बुद्धलाई वन्दना गरी आ-आफूले बाटोमा देखेका, अनुभव गरेका कुराहरू बताएर मनमा लागेको प्रश्नहरू सोधे ।

भगवान बुद्धले पहिलो समूहको प्रश्नको जवाफमा भन्नु भयो- " भिक्षुहरू ! एक समय एउटा किसानको एउटा अल्छी गोरु थियो । गोरुले कुनै काम नगरीकन खालि भुईमा सुतेर किसानलाई हैरान गरेको थियो । बल्ल तल्ल उठाएर खेत जोत्न लगाउँदा केही छिनमै फेरी भुईंमा सुतीदिन्थ्यो । एकदिन किसानलाई गोरुको त्यो स्वभावले रीस थाम्न सकेन् । एउटा डोरी



Downloaded from http://www.dhamma.digital

ल्याएर गोरुलाई चल्न नसक्ने गरी बाँधेर उसको माथि परालको डुङ्गो राखि आगो लगाएर मारीदियो । यो पापकर्मले गर्दा उक्त किसानले त्यसपछिका धेरै जन्मसम्म पापका फल भोगी सकेपछि अहिले यस जन्ममा कागको रुपमा जलेर मर्नुपऱ्यो ।

दोश्रो समूहको भिक्षुको समूहलाई जवाफ दिंदै भन्नु भयो- "एक समयमा एउटी आईमाईले एउटा कुकुर पालेको थियो । त्यो कुकुरले उनी जहाँ गएपनि जस्तो काम गरेपनि पछि पछि लागेर आएर हैरान गर्थ्यो । सँधै कुकुरलाई पछि पछि लगाएर हिँडी रहने हुँदा त्यसलाई केही जवान केटाहरूले नाना तरहको कुरा भनेर जिस्क्याएर ठट्टा गर्थ्यो । त्यस कारणले उसलाई बाटोमा हिंड्न पनि लाज हुन्थ्यो । रीसले एक दिन उसले कुकुरलाई मार्ने बिचार गऱ्यो । उसले एउटा भाँडामा बालुवा भरेर कुकुरको गर्धनमा बाँधेर कुकुरलाई पोखरीमा खसाली दियो । कुकुर पानीमा डुवेर मऱ्यो । त्यस पापकर्मले गर्दा त्यस आईमाईले धेरै समयसम्म दुःख कष्ट भोगी सकेर यो जन्ममा पनि जिउँदै समुद्रमा खसालिनु पऱ्यो ।

तेश्रो समूहको भिक्षुहरूलाई जवाफ दिंदै भगवान बुद्धले भन्नु भयो - " एक समय सातजना गोठाला बच्चाहरू गाई वस्तु चराउँदै गईरहेका थिए । त्यही बेला उनीहरूले खेतहरूमा पाउने एउटा गोही जाति प्राणी देखेर रमाइलो गर्न त्यसलाई लखेटे । गोही डराएर माटोको डुंग्रो भित्र पसे । त्यो डुंग्रोमा भित्र बाहिर आउने जाने थुप्रै प्वालहरू थिए । बच्चाहरूले त्यो दिन गोहीलाई समात्न नसक्ने जस्तो देखेर भोलिपल्ट समात्न आउनको लागि ती प्वालहरू सबै ठूलो ठूलो काठहरूले छोपेर गयो । भोलिपल्ट पनि गाई चराउन जाँदा बच्चाहरूले गोही त्यहाँ थुनेर गएको विर्से । सात दिनपछि बल्ल सम्झेर गोही के भयो होला भनेर आतिंदै गएर प्वालहरू खोलीदिए गोही खान पिउन नपाएर डुब्लो भएर थरथर काम्दै निस्के । बच्चाहरूले माया गरेर त्यसलाई पठाइदिए । भिक्षुहरू ती सातजना बच्चाहरू तिमीहरू नै हौ । तिमीहरूले गोहीलाई नमारीकन पछि माया गरेर छोडीदिएकोले तिमीहरूले नरक भोग गर्नु परेन । त्यही पापकर्मले गर्दा आज तिमीहरू सात दिनसम्म गुफामा थुनिएर खान पिउन नपाईकन दुःख कष्ट भोग्नु पऱ्यो ।

यी सबै वृतान्त कुराहरू सुनीरहेका एकजना भिक्षुले भगवान बुद्धसँग सोधे- "कस्तो रहेछ आकाशमा उडीरहँदा, समुद्रको विचमा परीरहँदा पर्वतको गुफामा रहीरहँदा पनि पापकर्मबाट मुक्ति नपाउने रहेछ त ?" भगवान बुद्धले भन्नुभयो - "यस्तै हो भिक्षु, आकाशमा, समुद्रमा, पर्वतमा कहिं पनि भाग्दा पनि पापकर्मको फल भोग्नबाट बच्न सकिंदैन ।" यस्तो भन्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो । ■

## अनित्य स्वभाव म्हसीका तये

✍ रमेश रत्न ताम्राकार

थौं ज्यूपिनि कन्हे मज्यू
थौं चूपिनि कन्हे मचू
'स्वभाव-धर्म' थ्वीका काये ।

थौं योपिं कन्हे मयो
थौं लोपिं कन्हे मलो
चाःहिला च्वंगु घःचाः स्वये ।

थौं बाँलाःपिं कन्हे बाँमलाः
थौं ताःलाःपिं कन्हे ताःमलाः
छकः वाला स्वये ।

थौं सःपिं कन्हे मसः
थौं नाँजाःपिनि कन्हे मजाः
'सत्य नियम' म्हसीका तये ।

थौं त्याःपिं कन्हे बू
थौं न्ह्यूपिं कन्हे ख्युँ
'दत्थु-लँ' वना स्वये ।

## बुद्ध बोध जूम्ह खः

✍ आरती रंजीत

व्यवहारिक सत्य यात स्यूम्ह अथे धयागु सांसारिक विषय चतुरम्ह खः,
स्वभाव सत्ययात स्यूम्ह अथे धयागु बैज्ञानिक खः,
परमार्थ सत्ययात स्यूम्ह अथे धयागु दार्शनिक खः,
दुःखयात खंका दुःखयात स्यूम्ह अथे धयागु आर्यपुद्गल खः,
पुब्बे चाहं भिक्खवे एतरहि च दुक्खञ्चेव ।
पञ्ञापेमि दुक्खस्स चं निरोधं ।
हे भिक्षुपिं ! न्हापां नं आ नं जिं दुक्खया विषय व दुक्ख फुकेगु विषय हे जक स्यना च्वना ।



Downloaded from http://www.dhamma.digital

# थेरी-गाथा

**मूल लेखक : भरतसिंह उपाध्याय**
*अनुवादिका :* **वीर्यवती**

### पहिलो वर्ग

**१. एक अज्ञातनामा भिक्षुणी**

अज्ञातनामाको जन्म बैशाली शहरको क्षेत्रिय कुलमा भएको थियो । उनको विवाह एक कुल घरानको केटोसंग नै भएको थियो । एकदिन उनीले महाप्रजापति गौतमीको उपदेश सुनी भिक्षुणी बन्ने विचार प्रकट गरिन् । तर यस प्रस्तावलाई उनकी पतिले स्वीकार नगरेको कारणले गर्दा उनी गृहस्थी नै भइरहिन् । तैपनि उनको मन धार्मिक कार्यमा मात्र लागिरहन्थ्यो । एकदिन भान्छामा भात पकाइरहेको बेला अकस्मात् आगो चर्को भएको कारणले कराईमा पकाइराखेको तरकारी डढ्यो । तरकारी डढेको कारणले गर्दा उनको मनमा संसारका सबै वस्तुको अनित्य स्वभाव बारे गम्भिर ज्ञान उत्पन्न हुन थाल्यो । त्यसकारण उनीले अमूल्य वस्त्र र आभूषणहरू लगाउने बानी सबै त्यागिदिइन् । उनको यस्तो अनौठो स्वभाव देखि उनको श्रीमान्ले यसको कारण सोध्न थाल्यो । अनि उनीले यसरी उत्तर दिन थाल्यो- "स्वामी ! अब यी अमूल्य आभूषणहरू संग मैले आफ्नो जीवन विताउन सक्दिन । अब मैले यस संसारसंग पनि जीवन विताउन सक्दिन ।" उनको यो कुरो सुनी उनकी श्रीमान्ले महाप्रजापति गौतमी समक्ष गई प्रार्थना गरे - "आर्या । मेरी श्रीमतीलाई भिक्षुणी गरिदिनुस् ।" महाप्रजापति गौतमिले त्यस महिलालाई भिक्षुणी गरी भगवान् बुद्ध समक्ष लगिन् । त्यस महिलाको चित्तमा उत्पन्न भएको महान वैराग्य-वृत्ति सम्बन्धि अन्तर दृष्टिलाई लक्ष गरी भगवान बुद्धले यस गाथालाई उच्चारण गर्नुभयो - "वत्से ! तिमी आरामपूर्वक सुत्नु । आफ्नै हातले बनाएको चीवर लगाई तिमीले परम शान्ति प्राप्त गर । किनभने तिम्रो कराईको डढेर सुकेको तरकारी जस्तै तिम्रो राग समूह पनि डढेर शान्त भईसकेको छ ।"

पछि अज्ञातनामा भिक्षुणीले पनि आफूले आफैलाई सम्बोधन गर्दै यही गाथा सधैं पढिरहने गरेको सबैले सुन्थे । त्यसैले उहाँको नाम संगसंगै यस गाथा पनि जोडिन थाल्यो ।

**२) मुक्ता**

आफ्नो जीवनको बसन्त ऋतुमा घर त्याग गरी शिक्षमाणा भएकी मुक्ताको जन्म श्रावस्तीको ब्राह्मण कुलमा भएको थियो । उनीले महाप्रजापति गौतमी समक्ष शिक्षमाणा (विद्यार्थी) को रुपमा जीवन विताइरहेकी थिइन् । एकदिन भिक्षाटन पछि गर्नु पर्ने सबै कार्य सिद्याई कोही पनि नभएको सुनसान ठाउँमा ध्यान गर्नको लागि बसिन् । त्यही समय उनको अगाडि बुद्ध आउनु भई उनीलाई उत्साहित गर्नको लागि यस गाथा उच्चारण गर्नुभयो - "मुक्ता ! तिमी मुक्त होउ । राहुरुपी ग्रहणले मुक्त भएको चन्द्रमा जस्तै तिमी सबै श्रृङ्खलाबाट मुक्त होउ ।

विमुक्ति-प्राप्त चित्तद्वारा ऋण तिरेर मात्र तिमीले (राष्ट्रको) अन्न खाने गर ।"

मुक्ताले त्यस बेलादेखि आफूले आफैलाई सम्बोधन गर्दै यही गाथा सधैं पढिरहने गर्न थालिन् । त्यसकारण यस गाथालाई मुक्ताको नाम संगसंगै जोडिन थाल्यो ।

**३) पूर्णा**

पूर्णाको जन्म श्रावस्ती स्थित एक शाक्य कुलमा भएको थियो । उनीले महाप्रजापति गौतमीको उपदेश सुनी गृहत्याग गरेकी थिइन् । एकदिन ध्यान मग्न भई वसिरहेको बेला भगवान बुद्धले आफ्नो अलौकिक प्रभावले मूल गन्ध कुटीमा विराजमान भई पूर्णालाई यस गाथा उच्चारण गर्नुभएको थियो-

"पूर्णे ! तिमीले पूर्णता प्राप्त गर । पूर्णिमाको पूर्ण चन्द्रमा जस्तै तिमीले कल्याणकारी धर्ममा पूर्णता प्राप्त गर ।

प्रज्ञाको परिपूर्णताले तिमीले अंधकार-पूञ्जलाई नाश गर ।"

यस श्लोकलाई सुनेपछि पूर्णाले अर्हत्त्व- ज्ञान प्राप्त गरिन् । फेरि उनीले भगवान् बुद्धको यस वचनलाई सम्झी सधैं पढिरहने गर्न थालिन् ।

**४) तिष्या-१.**

कपिलवस्तु देशको एक शाक्य कुलमा तिष्याको जन्म भएको थियो । उनी महा प्रजापति गौतमी संगै



Downloaded from http://www.dhamma.digital

भिक्षुणी भई अन्तर्दृष्टिको साधनामा लाग्नु भएको थियो । पूर्णाले जस्तै तिष्याले पनि बुद्धको गाथा श्रवण गर्ने मौका प्राप्त गरेकी थिइन् । पछि उनीले यही आफूलाई मनपर्ने आनन्दले भरेको गाथालाई दोहऱ्याई बरोबर पढ्ने गर्थिन्-

गाथा-"तिष्ये ! तिमीले तिनवटा शिक्षा◆ सिक्नु । हेर, योग❖ ले तिमीलाई नदबाओस् । तिमीले सबै बन्धनबाट टाढा रही निर्मल चित्तले यस लोकमा विचरण गर ।"

**५) तिष्या-२★**

"तिष्ये ! तिमीले कल्याणकारी धर्म गर्ने तर्फ लाग । हेर, तिम्रो समय खेर नजाओस् । जसको समय खेर जान्छ, उसलाई दुर्गतीमा पुगी जहिले पनि शोक गरिराख्न बाध्य हुनेछ ।"

**६) धीरा-१★**

"धीरा ! तिमीले यस्तो समाधिलाई समात्नु, जसमा चित्त विक्षेपको निरोध हुनेछ, इन्द्रिय- ज्ञानको शान्ति हुनेछ, परम सुख हुनेछ ।

धीरा ! तिमीले त्यस निर्वाणको आराधना गर्नु, जुन महामंगलमयी हो, फेरि यस निर्वाण भन्दा ठूलो तत्त्व यस संसारमा अर्को कुनै पनि छैन ।"

**७) धीरा-२★**

"भिक्षुणी धीरा ! तिमीले आफ्नो दृढ साधनाले श्रद्धा आदि जीवन शक्तिको विकास गऱ्यौं ।

अब मार र उसको सेनालाई पराजित गरी यस अन्तिम शरीरलाई धारण गरिराख्यो ।"

**८) मित्रा★**

"भिक्षुणी मित्रा ! तिमीले श्रद्धापूर्वक प्रव्रज्यालाई ग्रहण गऱ्यौ । त्यसैले अब तिमीले सत्त्व प्राणीप्रति मैत्री भावना गर्ने गर अनि तिमीले सर्वोत्तम, शान्ति दायक, कुशल धर्मको विकास गर्नेछौ ।"

**९) भद्रा★**

"भगवती भद्रे ! तिमी श्रद्धापूर्वक प्रव्रजित भयौ । अब तिमीले यस कार्यलाई सुहाउने गरी कल्याणपूर्ण धर्ममा लीन हुनु । कुशल धर्मको अनुशीलन गरी तिमी परम शान्ति मार्गमा अगाडि बढ ।"

**१०) उपशमा★**

"उपशमे ! निर्मल शान्त चित्तकी भई तिमीले मृत्युरुपी पार गर्न गाऱ्हो सागरलाई पार गर ।

मार र उसको सेनालाई जिती तिमीले यस अन्तिम शरीर धारण गरेकी छौ ।"

**११) मुक्ता २**

मुक्ताको जन्म कोशल जनपदमा एक दरिद्र ब्राह्मणको घरमा भएको थियो । फेरि एक दरिद्र कुप्रो मानिससंग नै उनको विवाह पनि भयो । एकदिन आफ्नो पतिसंग बिन्ति गर्दै उनीले भनिन्- " म गृहस्थीमा बस्न सक्दिन ।" अनि पतिको आज्ञा लिई उनी भिक्षुणी भइन् । विपश्यना - प्रज्ञा भावनाको साधनामा बस्न थालिन् । तर उनको चित्त भने बाहिरी वस्तुहरूमा मात्र टाँस्न थाल्यो । पछि आत्म-संयमको अभ्यास गर्ने बित्तिकै उनीले अर्हत्पद प्राप्त गरिन् । अनि त्यही ज्ञान प्राप्तीको खुशियालीमा उनीले यस खुशिले भरेको श्वर मुखबाट व्यक्त गरिन् ।

"म मुक्त भएँ ! राम्ररी नै विमुक्त भएँ ! तिनवटा बाँगो वस्तु मबाट राम्ररी नै विमुक्त भए ।

ढिकी, जाँतो र आफ्नो कुप्रो लोग्नेबाट मैले राम्ररी मुक्ति प्राप्त गरें । आज म जरा र मरणदेखि मुक्त भएँ ! मेरो संसार रुपी डोरी चुंड्यो ।" ■

**विना नियमपूर्वक ग्रहण गरिएको प्रव्रज्या सहित्को जीवन बिताउनु कठिन छ, निवास गर्न अयोग्य घरमा बस्नु दुःखद छ, आफ्नो अनुकूल न भएको मानिसको संगमा बस्नु पनि दुःखद् छ, त्यसकारण संस्मृतिको बाटोमा न लाग्नु बेस, दुःखको पछि न लाग्नु बेस छ ।**

◆ शील, समाधि, प्रज्ञाको शिक्षा

❖ योग (बन्धन) ४ वटा छन्-काम, भव, मिथ्यादृष्टि, अविद्या

★ यस चिन्ह भएका ६ जवान भिक्षुणीहरू पनि तिष्या जस्तै महाप्रजापति गौतमी संगै प्रव्रजित भएका शाक्य कुलका महिलाहरू हुन् ।



Downloaded from http://www.dhamma.digital

# जब मस्तिष्क थाक्दछ ...

✍ भिक्षु सुशील
ध्यानकुटी, बनेपा

मानव सभ्यता र मानवहरूको विकास क्रमलाई अध्ययन गर्ने मानव शास्त्रीहरू - नृतत्त्व शास्त्रीहरू मानव स्वभाव एवं अवस्थाका विविध पक्षहरूलाई उजागर पार्ने गर्छन् । भौतिक विज्ञान एवं वैज्ञानिक सोचाइको विकासले गर्दा हरेक कुरामा सामयिक परिवर्तन ल्याइए झैं मानव सोचाइमा र सोच्ने तरिकामा पनि परिवर्तन आउनुको द्योतक हो क्रमबद्ध रुपमा गरिने अध्ययन-चरणबद्ध रूपमा एक पछि अर्को गरी सम्बन्धित पक्षहरूका विविध स्वरुप-अवस्थाहरूमा गरिने अध्ययन, सोहि प्रकारका अध्ययनले मानव मस्तिष्कमा हरदम 'केही' बाँकी छ कि अरु केही छ कि जस्तो अपूर्णताको आशंकालाई मर्न नदिई पुन: पुन: सोहि विषयसंग सम्बन्धित अन्य पक्षहरूको खोजीमा उद्यत रहन हौस्याइ नै रहने हो । जहाँ खोजी हुने गर्दछ, त्यहाँ केही न केही भेट्टि नै हाल्ने छ । मानव र मानव समाज खोजी गर्नेहरूका लागि कहिल्यै न रित्तिने भाँडो हो- जुन भाँडोमा एक समय एउटा ओझेलमा पर्न जानेछ त अर्को समय सोहि देखा पर्न थाल्ने पनि गर्दछ । जुन पहिले ओझेलमा परेका थिए सो पछि देखा पर्न थाल्दा त्यसको स्वभाव-स्वरुप र अन्य कुरामा त्यसले पार्ने प्रभाव पनि नौलो खालको हुने गर्दछ , तब सो विषय पुन: कौतुहलको विषय बन्न थाल्दछ । यसरी अनुसन्धानको निमित्त एउटा नौलो द्वार खुल्ने गर्दछ । तसर्थ वैज्ञानिक अनुसन्धानले निरन्तरता पाइनै रहने गर्दछ । पूर्णता भन्ने कुरालाई अविश्वास गर्ने गर्दछ । तर कहिलेसम्म ? जबसम्म मानव मस्तिष्क थाकेको हुने छैन त्यस बेलासम्म त्यो अ-विराम, अ-विच्छिन्न रुपमा गतिशील नै रहने गर्दछ र जब एक मानव मस्तिष्कले आरामको अपेक्षा गर्दछ त्यसबेलासम्ममा अन्य मानव मस्तिष्क अघिल्लो मानव मस्तिष्कले खोजको थकावट भेट्ने चाहनाको अध्ययन गर्न अघि सरिसकेको हुन्छ । एकपछि अर्को अ-विराम, अविच्छिन्न, अनवरत ! त्यसबाट मानव समूह आफूले एउटा नौलो कुरा भेट्टाउन सकेकोमा गर्वको अनुभव गर्नेछ, विज्ञानको विजय भएको अनुभव गर्नेछ र हर्ष- उल्लासको चित्कारले विश्व-ब्रह्माण्डमा गुन्जायमान गर्ने प्रयास गर्नेछ । तर कहिलेसम्म ? त्यति नै बेलासम्म जबसम्म हर्ष-उल्लासको चित्कारले गुन्जायमान गर्ने सो मस्तिष्कले थाकेको अनुभव गरिने छैन , यौवनको जवानीमा जोशीलोपना भर्भराइरहेको हुनेछ, आफू विजयता भएको अनुभव गरिरहेको हुनेछ । कालान्तरमा त्यो अनुभव दु:स्वप्नको अनुभूतिमा रूपान्तरित हुन जाँदा बित्थामा समय गुमाउन परेकोमा पछुटावा मात्र हात लाग्नेछ । किन ? किनभने खोजी कार्यको प्रारम्भिक विन्दु नै अतृप्तता-अननुकूलता तर्फ उन्मुख छ, पूर्णताको अनुभव गर्न पाइने कार्यबाट पलायित छ, अपूर्णता नै त्यसको स्रोत हुने हुनाले ।

भौतिक विज्ञानको एउटै मात्र उद्देश्य भोग एवं भोगका साधनहरूमा नौलोपना ल्याउनु हो । त्यसको माध्यमबाट उसले विभिन्न चरण एवं अवस्थाहरूलाई इंगित गरिरहेका हुन्छन् जसमा निकृष्टको त्याग र उत्कृष्टको खोजीले प्रमुखता सधैं पाइ नै रहेका हुन्छन् । एक समय उत्कृष्ट रहने अर्को समय सोहि निकृष्टमा रूपान्तरित हुन जानेछ । उत्कृष्टता, लक्ष्य-निर्धारणको अभावमा सदैव अपूर्णताको आशंकामा बाँधिएर रहेका हुन्छन् - तपाई उच्चताको कुरा गर्न सक्नु हुनेछ, तर उच्चताको सिमा निर्धारण नगरिकन उच्चता भन्ने कुरो मात्र कल्पना हुने गर्दछ । उच्चता कहाँसम्म ? चन्द्रलोकसम्म अथवा ब्रह्माण्डका सम्पूर्ण पिण्डहरूको अतिक्रमणसम्म ? भौतिक-विज्ञानमा यही कुराको अभाव छ - त्यसले पूर्णतालाई नकार्ने गर्दछ । बिना निधो उच्चता फगत कल्पना मात्र हो र कल्पना कल्पना मात्रै हो, त्यो यथार्थ हुनै सकिने छैन । सो कारण एक मस्तिष्कले थकाइको अनुभव गर्दा अर्को मस्तिष्क सो स्थान ग्रहण गर्न हौसिइसकेको हुनेछ । किन ? किनभने अघिल्लो मस्तिष्क जब खोजी कार्यमा संलग्न थिए सो समय सो मस्तिष्कले गुण-गान एवं सम्मानको विशिष्ट अनुभव- उपभोग- भोग पाएका थिए । तसर्थ सो को स्थान ग्रहण गर्ने अन्य मस्तिष्कले सोहि भोग पाउने लालसा आफू भित्र विद्यमान गरेको हुनेछ, सोहि भोग प्राप्तिको लालसानै निरन्तरता दिने तर्फ उन्मुख गर्ने प्रेरणा हुन्छ । र सो प्रेरणा मर्ने गर्दैन, त्यसको मृत्यु-संस्कार गरिसेको हुने छैन, तसर्थ खोजी कार्य जारी नै रहनेछ- क्रियाशील नै रहनेछ- नित्य, अ-विराम, अनवरत । यो यथार्थ हो, यो स्वभाव हो, यो खोजी कार्यहरूमा संलग्न हुनेहरूको धर्म हो ।



Downloaded from http://www.dhamma.digital

मानव मस्तिष्कको उच्चतम क्षमताको अध्ययन-अनुसन्धान गर्ने मानव समुदाय भित्रकै एक उच्चतम श्रेष्ठ पुरूष तथागत गौतम बुद्ध मानव मस्तिष्कलाई बित्थाको चुत्थो अनुसन्धानमा बिनसित्ति खेर फाल्न नहुने कुराका पक्षपाती थिए । मानव मस्तिष्क बिनसित्तिको अनुसन्धानमा रत हुँदा त्यसले मानव हितलाई भन्दा ज्यादा विनाशलाई निम्तो दिने कुरामा उहाँ विश्वस्त हुनुहुन्थे । बिनसित्तिको अनुसन्धानले मानव मस्तिष्क बौलाउँदा सो बौलाहटको परिणाम एक व्यक्ति-एक समाज-एक मुलुक-एक विश्व एक जन्मसम्म मात्र सीमित नहुन सक्दछ, त्यसको परिणाम कल्पना भन्दा पर भयानक पनि हुन सक्दछ । सोहि भयानकपनाबाट मानव समुदायलाई जोगाउन अनुसन्धानको सिमा निर्धारण गर्न हौस्याउनु भएको थियो- दु:खबाट मुक्ति ! दु:ख नै सम्पूर्ण अनुसन्धान-खोजको मेरूदण्ड हो । यदि दु:खको अनुभूति नहुँदो हो त सुखको चाहना- कल्पना विद्यमान हुने नै थिएन । तब खोजी कार्यको अर्थ नै रहने थिएन, खोजी कार्य भनेकै हुने थिएन । सम्पूर्ण कुराको स्रोत दु:ख हो र दु:खबाट उत्पीडित हुनुकै कारण सोबाट पार पाउन गर्ने प्रयत्नले नै खोजीकार्य तर्फको प्रेरणा जन्म हुने हो । मानव मस्तिष्क क्रियाशील हुन जाने हो। त, दु:खबाट मुक्ति दु:ख सिर्जना गर्ने कार्यबाटै हुन सकिने छैन, तथापि अधिकांश मानव मस्तिष्क दु:खको उपचार दु:ख नै सिर्जना गर्ने कार्य- कारणबाट खोजी गरिरहेका हुन्छन्- एक दु:खबाट मुक्त हुन अर्को दु:खको उत्थानमा क्रियाशील बन्दै !

कति मिठो ! कति मर्मस्पर्शी, कति सरल, कति प्रष्ट- 'भिक्षुहरू ! काम-भोगबाट कहिल्यै तृप्ति पाउन सकिदैन ।' यो उद्‌गार ! यो हृदयोद्‌गार !!

जब मानव मस्तिष्क भोगबाट थाक्ने छ, जब मानव मस्तिष्कले भोगको दुष्परिणामलाई प्रत्यक्षत: अनुभव गर्नेछ, जब मानव मस्तिष्क भोग प्राप्त गर्न प्रयत्नरत हुँदा पटक-पटक असफलता पाउनेछ, जब मानव मस्तिष्क विद्यमान भोगलाई पनि उपभोग गर्न असक्षम-असमर्थ अयोग्य भएको आफू स्वयंले महसूस गर्नेछ, तब त्यो मानव मस्तिष्क, त्यो मानव बुद्ध धर्मप्रति आकर्षित हुनेछ, बुद्ध-धर्मको द्वारमा त्यसले आफूलाई शरणागतको रूपमा उभ्याउनेछ, त्यसको जीवनमा मस्तिष्कमा बुद्ध-धर्म प्रारम्भ हुनेछ- प्रादुर्भाव हुनेछ- प्रवेश गर्नेछ । ■

# मन ब्युँझाउने यी सूत्र पढौं

✍ **बटुकृष्ण कसपाल**

*(साभार: गत पुस अंक युवामञ्च)*

*प्रत्येक मानिसमा आफ्नै किसिमको आनी-बानी व्यवहार गर्ने प्रवृत्ति हुन्छ, व्यवहार आनी-बानीहरूमा सबैभन्दा ठूलो के के हुन आउँछन् जसले मानिसको भलो गर्छ त ! तिनको जानकारी यहाँ गरौं जसमा गहन जानकारी भए मन ब्यूँझन्छ ।*

| | |
|---|---|
| सबैभन्दा ठूलो दुर्गुण | लोभ |
| सबैभन्दा ठूलो गहना | कीर्ति |
| सबैभन्दा ठूलो मित्र | विद्या |
| सबैभन्दा ठूलो दान | योगदान |
| सबैभन्दा ठूलो नशा | अल्छी |
| सबैभन्दा ठूलो शान्ति | मौन |
| सबैभन्दा ठूलो रुप | शोभा |
| सबैभन्दा ठूलो ताप | जलन |
| सबैभन्दा ठूलो धर्म | परोपकार |
| सबैभन्दा ठूलो प्रकाश | ज्ञान |
| सबैभन्दा ठूलो सुख | सन्तोष |
| सबैभन्दा ठूलो सजायँ | प्रायश्चित |
| सबैभन्दा ठूलो उन्नति | लगन |
| सबैभन्दा ठूलो दया | क्षमा |
| सबैभन्दा ठूलो गुण | सदाचार |
| सबैभन्दा ठूलो पाप | चुक्ली |
| सबैभन्दा ठूलो शत्रु | रोग |
| सबैभन्दा ठूलो नरक | पराधीन |
| सबैभन्दा ठूलो मन | दया |
| सबैभन्दा ठूलो विष | अहम् |
| सबैभन्दा ठूलो अमृत | अर्ती |
| सबैभन्दा ठूलो पीडा | डाहा |
| सबैभन्दा ठूलो ऐश्वर्य | प्रसिद्धि |
| सबैभन्दा ठूलो अन्धकार | अज्ञान |
| सबैभन्दा ठूलो नाश | क्रोध |
| सबैभन्दा ठूलो दु:ख | असन्तोष |
| सबैभन्दा ठूलो रोग | चिन्ता |
| सबैभन्दा ठूलो तीर्थ | शुद्ध हृदय |
| सबैभन्दा ठूलो भलो | उपकार |
| सबैभन्दा ठूलो कुरा | मातृभूमि |



Downloaded from http://www.dhamma.digital

# नेपालमा बौद्ध विश्वविद्यालय स्थापनाको औचित्यता

प्र. लामाङवाङ् वोसेर शेर्पा

उपरोक्त विषयमा हालसालै बौद्धिक वर्गमा बौद्ध विश्वविद्यालय स्थापना विषयमा विभिन्न चर्चा परिचर्चा तथा अन्तर्क्रिया भएको, सुनेको र बुझेको हुँदा यसबारे आफ्नो धारणा पेश गर्न, इच्छा भएको हुँदा उक्त कुराबारे चासो र जिज्ञासा राख्ने महानुभावहरूको लागि यो सुझाव लाएको छु ।

नेपालमा २०४६ सालको क्रान्तिपछि लेख्न, पढ्न र बोल्न तथा आफूलाई लागेको कुराहरू तथ्यसहित, सञ्चार माध्यमबाट प्रकाश पार्न छुट पाएकोले पनि यो सुझाव लेख्न जाँगर चलेको हो । हुन त यसबारेमा आफ्नो छोटो ज्ञान अरुसित बाँड्ने र प्रतिक्रिया लिन पहिलेदेखि नै जिज्ञासा राखेको भए तापनि हाल मात्र यसबारे छाप्ने वातारवण पाएकोले यो सुझाव प्रकाशित गर्न कम्मर कसेको छु ।

नेपालमा राणाकालमा यौटै मात्र कलेज थियो भने २००७ सालपछि मात्र त्रिभुवन विश्व विद्यालय स्थापना भएको हो । तैपनि करीब २०१९ सालतक नेपालको उच्च शिक्षाको जाँचहरू भारतको पटना यूनिवर्सिटीबाट मात्र गरिन्थे । त्रिभुवन विश्वविद्यालयको स्थापना भएको धेरै वर्षपछि हालै मात्र अन्य विश्वविद्यालयहरूको स्थापना हुन स्वीकृति प्रदान गर्ने वातावरण भै शिक्षा क्षेत्रमा फराकिलो नीति आएपछि धमाधम एकपछि अर्को विश्वविद्यालय खुल्न थाले । अहिले आएर त्रिभुवन विश्वविद्यालय लगायत काठमाडौं विश्वविद्यालय, र पूर्वाञ्चल विश्वविद्यालय गरी तीन वटा विश्वविद्यालयहरू खोलि सञ्चालन भइराखेका छन् भने विशेष विषयमा संस्कृत विश्वविद्यालय करीव १०-१२ वर्षदेखि नै संचालन भइरहेको छ । यही शिक्षाको उदार नीतिको उपभोग गर्ने अभिप्राय राखी बौद्ध विश्वविद्यालय खोल्नेबारे पनि सक्रिय छलफल भइराखेको अवस्थामा आफ्नो केही धारणाले उक्त प्रयासलाई विशेष टेवा मिल्नसक्ला भन्ने आकांक्षा पनि राख्दै निम्न तर्कसहित उक्त विश्वविद्यालयको स्थापनाको समर्थन गरेको छु । हुन त आजभन्दा २४०० वर्ष पहिले नै नालन्दा विश्वविद्यालयमा बौद्ध धर्म विषयमा पढाई हुन्थ्यो भन्ने कुरा इतिहासले पुष्टि गरेको छ । तर कालान्तरमा दुर्भाग्यवस उक्त विश्वविद्यालयहरूको प्रगति कुण्ठित भई लोप भएरै गयो । भारतमा मङ्गोल शासनमा मुस्लिम धर्म फिंजिए भने बेलायती शासनले क्रिश्चियन धर्म प्रचारमा टेवा पाए । यसै गरी ब्रिटिश साम्राज्यमा भारतमा मुस्लिम यूनिवर्सिटि, क्रिश्चियन यूनिभर्सिटी, हिन्दू यूनिवर्सिटी नामाकरण गरी विभिन्न विश्वविद्यालयको स्थापना भएता पनि पढाईको हकमा एकै विषयहरू नै पढाइन्थ्यो । तर दुर्भाग्यवश बौद्ध विश्वविद्यालयको नाममा कुनै विश्वविद्यालय स्थापना हुन सकिएन । यसबारे शासनकर्ताले पनि अशान्ति नफैलियोस् भन्ने दृष्टिकोण राखी यो सहुलियत दिएको हुनसक्दछ । किनभने बौद्ध धर्मावलम्बीहरू बुनियादी तरीकाले नै शान्तिप्रिय हुनेहुँदा यो क्षेत्रबाट अशान्ति, हुने कुनै गुञ्जायश नभएकोले पनि यसो भएको हुनसक्छ । सरकारी स्तरमा हेर्ने हो भने फेरि तिब्बतमा स्थापना भएको विभिन्न गुम्बाहरूमा बौद्ध धर्म मात्र पढाइएको पाइन्थ्यो । भारतमा मुसलमान शासन र हठवाद हिन्दूहरूको आधिपत्य भएको अवधिमा बौद्ध धर्मबारे लेखिएको विभिन्न ग्रन्थ तथा अभिलेखहरू तिब्बत र नेपालमा ल्याई सुरक्षित गर्नाको साथै अनुवाद पनि भएको इतिहासले वताउँछ । यही कुरालाई लिएर नेपालमा बौद्ध विश्वविद्यालय खोल्नु पर्ने निम्न लिखित तर्कहरू पेश गरेको छु ।

१) श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई शान्ति क्षेत्र भनी घोषणा गरी बक्सेपछि संयुक्त राष्ट्र संघको अधिकांश देशहरूले यसलाई मान्यता दिए र यस मान्यतालाई कार्यान्वयन गर्ने हो भने बौद्ध धर्मकै दर्शन, सिद्धान्त र जीवन शैली अपनाउन आवश्यक पर्छ र यही विषयलाई अध्ययन गरी प्रवर्द्धन गर्ने हो भने यसको लागि बौद्ध विश्वविद्यालय खोलिनु पर्ने अनिवार्यता स्वत:सिद्ध हुन्छ ।

२) नेपाल अधिराज्यको उत्तरी भेग हिमाली क्षेत्रको र उपत्यकाको अधिकांश जनजातिहरू युगौंदेखि बौद्ध धर्मावलम्बी भएको र यस देशमा नै २४०० वर्षभन्दा पुरानो चैत्यहरू जस्तै बौद्धनाथ, स्वयम्भू र विभिन्न गुम्बाहरूको अलावा अशोकस्तम्भ समेत नेपालको



Downloaded from http://www.dhamma.digital

पुरानो धार्मिक सम्पदा हुन् र यसलाई यूनेस्कोको समेत मान्यता छ । संसारको कुनै पनि ठाउँमा यति पुरानो चैत्य होला जस्तो लाग्दैन । यसको अलावा हाल नेपाल अधिराज्यमा कमसे कम १६०० गुम्बाहरू छन् जहाँ विभिन्न भिक्षुहरू शान्तिको पूजा गर्न व्यस्त रहन्छन् । यही मठ र गुम्बाभित्र बौद्ध धर्म सम्बन्धमा रचिएको र लेखिएको अभिलेखहरूको भण्डार पाइन्छ र यिनै कुराहरूको खोजी र अध्ययन गर्न एक छुट्टै विश्वविद्यालयको आवश्यकता पर्दछ ।

३) सिद्धार्थ गौतम नेपालको लुम्बिनी अञ्चलको लुम्बिनीमा जन्मनु भै भारतमा बोधिज्ञान प्राप्तगरी संसारभरी बुद्ध धर्मको प्रचार गरेकोले र यस कुराको वैज्ञानिक प्रमाणसमेत प्राप्त भएको अवस्थामा आफ्नै सपूत महात्माले प्रचार गरेको दर्शन अहिले संसारभरी फिँजिएकोले पनि यो विषयमा अध्ययन हुन नेपालमा बौद्ध विश्वविद्यालयको आवश्यक परेको छ ।

४) नेपालको इतिहासको पाना पल्टाइ हेर्ने हो भने पनि यो देश पहिलेदेखि नै बौद्ध धर्मावलम्बीहरूले, बसोबास गरी आएको र बौद्ध धर्ममा चासो राख्ने महात्माहरू जस्तै भारतको सम्राट अशोक, चीनको मञ्जुश्री, ह्यूएन साङ्गहरू आई नेपालको बौद्ध मठ मन्दिरको दर्शन गर्नुको साथै लुम्बिनीमा स्तुपहरू अशोकस्तम्भ र काठमाडौं शहरको स्थापना गरेको सबैलाई विदितै छ ।

५) नेपालकै अधिराजकुमारी भृकुटीले तिब्बतको सम्राट श्रङ्गचङ्ग गम्पोसित विवाह गरी तिब्बतमा बौद्ध धर्म फैलाएको कुरा पनि सर्वविदितै छ । तिब्बती भाषामा 'ने' भन्नाले तीर्थस्थल भएकोले पनि यस देशको नाम नेपाल भएको हो भन्ने पनि धारणा छ ।

६) जनसंख्याकै आधार लिने हो भने पनि नेपालमा अधिकांश हिमाली र उपत्यका क्षेत्रको मानिसहरू बौद्ध धर्मावलम्बी छन् भने यसको उचित संरक्षण र प्रवर्द्धन नहुनाले कतिपय बौद्ध धर्मावलम्बीहरू अन्य धर्म अपनाउन बाध्य हुन थालेको दृष्टान्तहरू देखिन थालेका छन् ।

७) संसारमा विशेष गरी एशिया प्रशान्त क्षेत्रमा बौद्ध धर्मले बलियो जड गाडेको छ भने हालै आएर यूरोप र अमेरिकामा पनि यस धर्मको चासो राखी कतिपय मानिसहरूले बौद्ध धर्म अंगाल्न थालेको कुराहरू सर्वविदितै छ । त्यसैले बौद्ध धर्मको संस्थागत विकासको लागि नेपालमा बौद्ध विश्वविद्यालयको आवश्यकता छ । उपरोक्त सम्पूर्ण तथ्यहरूलाई लिएर विश्लेषण गरी सकारात्मक दृष्टिकोण राखेमा नेपालमा बौद्ध धर्म अध्ययनको लागि छुट्टै विश्वविद्यालयको आवश्यकता हुने कुरा पुष्टि हुन्छ । ■

## प्रायश्चित

✍ सरोजमान उदास-पोखरा

**वितेका कुरामा पछुताउने नगरौं**
**भविष्यको पनि चिन्ता नगरौं**
**भूत वित्यो भविष्य आउँदैन**
**यही र अहिल्यैको सदुपयोग गरौं**
**झुठ, चुक्ली, कडा वचन नबोलौं**
**अनर्थकका कुराहरू पनि नगरौं**
**व्यर्थका कुरा गरी समय बर्बाद नगरौं**
**बरु अनुभवका कुरा गर्ने गरौं**
**वहिर्मुखी भै धेरै भकभकाउनु भन्दा**
**अन्तरमुखी भै थोरै नै बोल्ने गरौं**
**अडकलको भरमा जथाभावी बोल्नुभन्दा**
**चिन्तन मनन्‌ले निदिध्यासन गरौं**
**आफ्नै स्वार्थमा मात्र लाग्नु भन्दा**
**सेवा, दान, मैत्रीभाव पनि राख्ने गरौं**
**भौतिक साधन मात्रै जोड्ने प्रयास नगरौं**
**सदाचार पनि जोड्ने प्रयास गरौं**

## चित्त शुद्ध गर्न नहिच्चिकचाऔं

✍ मोहन श्रेष्ठ, धरान-१२

*समाजका मेरुदण्ड हे युवा*
*देशमा शान्तिको विकुल फुक ।*
*बुद्धको शिक्षालाई अनुशरण गर्दै*
*पालन सदाचारको गर्न सिक ।*
*हिंसा चोरी, व्यभिचार, झुटो बोल्नु हुन्न है*
*नगर्नु सेवन मादक वस्तु पञ्चशील हुन् यिनै ।*
*अपनाउ बाटो जीवनभर, सधैं सम्यक मार्गको*
*सत्कर्म गर्न नहिच्चिकचाऔं, बाटो यही शान्तिको*
*त्यागौं सबै पाप कर्म, लागौं सत्कर्ममा*
*यही नै हाम्रो कर्तव्य हो, यही नै ठूलो धर्म ।*
*असल खराव छुट्याएर, अघि बढ्दै जाऊ*
*जीवन हाम्रो के को लागि, आफै थाहा पाऊ ।*



Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

कुनै समय थियो नेपाल बुद्धधर्मले व्याप्त। समय फेरियो भिक्षुहरू समेत गृहस्थ बनाइए। धर्मको दृष्टिले नेपाली समाज डाँवाडोल रह्यो। खिचडी धर्म नेपालमा चल्यो। तामाङ, गुरुङ, शेर्पाहरू बुद्ध धर्ममा गौरव राख्थे, नेवारहरू (प्राय:) बुद्धधर्म नै मान्थे। उनीहरूले मानेको बुद्धधर्म श्रद्धा र भक्तिको थियो। श्रद्धा व्यक्त गर्ने विधि र व्यवहार बुद्धको उपदेश अनुकूल रह्यो रहेन कुनै पनि बौद्धलाई ख्याल रहेन। बौद्ध वातावरण जे जस्तो रहेतापनि मन पवित्ररुपमा बौद्ध नै रहे। यो बौद्ध जगत्को ज्ञान र अज्ञानको मिश्रित युग।

आजको आधा शताब्दीभन्दा अघि मात्र बुद्धकालीन विचारधारा अनुसार चीवर पहिरेर नेपालीमध्येका लौहपुरुषहरू थोरै रुपमा प्रादुर्भाव भए। उनीहरूले देशविदेशमा शिक्षा लिए जहाँ बौद्धहरूको सम्मान हुन्थ्यो, त्यस्ता क्रान्तिकारी त्यागी नेपालीहरूले नेपालको क्रूर समयलाई पार गरी पक्का नेपाली बौद्ध भनी नेपाली मात्रमा परिचय दिए। फलस्वरुप नेपाली बौद्धहरूमा विस्तार विस्तारै जागृतिको लहर फैलियो। धर्मोदय सभाको पनि जन्म भयो। समाज अगाडि बढ्यो। लुम्बिनीको परिचयमा विस्तार भयो। भगवान् बुद्धको जन्मस्थानको चासो बढ्यो। केही विकास त्यसप्रति गर्न नसकेपनि त्यो पवित्रभूमि श्रद्धाको केन्द्र भने अवश्य रह्यो।

यही क्रम जारी रहेर भगवान् बुद्धसंग संबन्धित विभिन्न ठाउँहरूप्रति नेपाली भावना जागृत हुँदै तथागतका पावन पितृभूमि कपिलवस्तु जुन भगवान बुद्धको बुद्धत्त्व प्राप्तिका लागि प्रेरणाभूमि बनेको छ। यही स्थलको वास्तविकताको परिचय स्थलगतरुपमा प्राप्त गर्न धर्मोदय सभाले त्यही राष्ट्रिय बौद्ध सम्मेलनको सिलसिलामा गोष्ठीको थलो चुनेको छ। पौष २०, २१ र २२ गते त्रिवशीय गोष्ठी यहाँ सम्पन्न भइरहेको छ। यसै उपलक्ष्यमा प्रकाशित भइरहेको धर्मोदय स्मारिकाले बुद्धधर्म सम्बन्धी सामान्य रुप प्रस्तुत गर्न खोजिएको छ।

आज भगवान् बुद्ध विश्वकै ज्योतिको रुपमा परिचित भएको छ। वहाँ भगवान् बुद्धको उपदेशद्वारा विश्वमा सद्भावना जागृत भई विश्वमानवमा सम्यक आजीवनको आर्दश विद्यमान रहोस् भन्ने धर्मोदय सभा कामना गर्दछ। ■

# मन बाँध्न

✍ श्रा. संघरक्षित, संघाराम

गाऱ्हो त गाऱ्हो ! तर खै
संसारमा अधिक गाऱ्हो छ के ?
सगरमाथा आरोहण गर्न गाऱ्हो
कि चन्द्रमामा पाइला टेक्न गाऱ्हो ?
आकाशमा उडी हिंड्न गाऱ्हो
कि त समुद्र वार पार गर्न गाऱ्हो ?

गाऱ्हो त गाऱ्हो सबै गाऱ्हो
कुरा गर्न मात्रै हो साऱ्हो
अन्य - अन्य भन्दा पनि
मनलाई बाँढ्न सबभन्दा गाऱ्हो।
अझ दृढ अनि एकचित्त रहि
राम्रो काम गर्न झनै गाऱ्हो ॥

आकाशमा उडीरहन सकिएला
समुद्रको गहिराइमा पुग्न सकिएला।
चन्द्रमाँमा यताउती डुल्न सकिएला
सगरमाथा आरोहण गर्न सकिएला।
तर बाँधन हाम्रो मन गाऱ्हो छ
बुझ्यो भने एकदमै साऱ्हो छ ॥

चन्चल भन्दा चन्चल मनलाई हामी
ध्यानरूपी डोरीले कस्सेर बाँधौं
एकाग्र चित्त भई ध्यानमा बसी
बाँदरसरी मनमाथि विजयी बनौं।
सोचौं, बुझौं अनि विचार गरौं
अकुशल कार्य गर्नबाट हामी बचौं ॥

"उत्तम पुरुष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुंदैन। जुन कुलमा यस्ता महापुरुषको जन्म हुन्छ त्यस कुलमा सुख बृद्धि हुन्छ।" - धम्मपद



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार र अध्ययन गोष्ठी

✍ धर्मदेवी शाक्य

पूर्णिमा र अष्टमी आदि पर्व दिनमा मेरी आमालाई फुर्सद नै हुँदैनथ्यो। बिहान सवेरै फूल, धूप र चामल लिई बुद्ध पूजामा जानुहुन्थ्यो। यसरी बिहानको समय बुद्धपूजामा नै विताउनु हुन्थ्यो। कहिले काहिं त भात पकाउन नै अवेर गर्नु हुन्थ्यो। त्यसैले मेरो बुबाले भन्नु हुन्थ्यो, यस्तो अवेरसम्म के गरिराखेको ? हामीलाई पनि लाग्थ्यो आमा त देवता भक्ति हुनुभएछ। त्यसैले हामी दिदी बहिनीहरू मिलेर आमालाई सोध्ने पनि गर्थ्यौं- "आमा तपाई कहाँ गइराख्नु भएको ?"

आमाले भन्नुहुन्थ्यो- "धर्मकीर्ति विहारमा गएको नि ! तिमीहरू पनि एकपटक गएर हेर न। गुरुमांहरूले कति राम्रा राम्रा कथाहरू भन्ने गर्नुहुन्छ। तिमीहरूले हेर्दा त्यहाँ दान लिने कथा मात्र भन्ने गर्छ भन्ने ठान्छौ। तर त्यसो होइन। आफ्नो नराम्रा चालचलनहरूलाई सुधार्दै लाने, अन्धविश्वासी नबन्ने आदि बारे ज्ञानगुणका अनौठा कुराहरू धम्मवती गुरुमांले कति रमाइलो तरीकाले बताउने गर्नु हुन्छ।"

हुन पनि हो मेरी आमाको स्वभावमा पनि पहिला भन्दा निकै परिवर्तन आइसकेको थियो। अहिले त उहाँलाई रीस उठे पनि धेरै वेरसम्म रिसाईरहनु हुन्न। स्वभाव पनि नरम हुँदै गएको पायौं। यसरी आमाको स्वभावमा धेरै परिवर्तन आएको देखी मेरी आमाको कुरा सुनी हामी पनि आमा संगै विहारमा गयौं। हामी अष्टमीकै दिन विहारमा पुगेका रहेछौं। त्यस दिन विहार भरि उपासक उपासिकाहरूले भरेका देख्यौं।

बिहान ६ बजेतिर बुद्ध पूजा शुरु भयो। त्यसपछि मधूर स्वरले सबैले एकैचोटी प्रार्थना गरे। यो सुनी मेरो मन आनन्द भयो। बुद्ध पूजा गर्ने भनेको त बहा बहीमा गई एउटै थालीमा फूल चामल, सिन्दुर, नैबद्य आदि अलि अलि राखी गुरुजुहरूले पूजा गर्ने जस्तो होइन रहेछ। त्यहाँ त पूजा राख्ने थाली अर्थात किस्ती ४,५ वटामा फूल र फलफूल सजाई राखेको रहेछ। अनि ती किस्तीहरू क्रमैसंग मिलाई बुद्धमूर्ति अगाडि सजाइयो। चामल छर्ने, सिन्दुर लगाइदिने र फूल टुक्रा टुक्रा पार्दै छर्ने चलन विहारमा मैले देखिन। बुद्ध पूजा सिद्धिएपछि अनगारिका गुरुमांहरूले कथा भनेको राम्रै लाग्यो। तर त्यति राम्ररी चित्त बुझेन। किनभने धेरैजसो मानिसहरू परम्परागत विश्वासले मात्र बुद्धलाई पूजा गरिरहेको र कथा सुनिरहेको जस्तो लाग्यो। वर्तमान समाजलाई सुहाउँदो र व्यवहारिक ढंगले काम भइरहेको देखिन।

तैपनि पछि अर्को एकदिन धर्मकीर्ति विहारमा बिहान सबेरै गएँ। त्यस दिन त विहारमा सय दुईसय जवान बाल बालिकाहरू अक्षर पढ्न आइरहेका थिए। कोही कोही अक्षर नै चिन्न नसक्ने बाल बालिकाहरू पनि थिए। उनीहरूले अ, आ, इ, ई पढिरहेका थिए। बुद्ध जीवन र धम्मपद पढिरहेका बच्चाहरू पनि देखें। दुई तीन जवान अनगारिका गुरुमांहरूले अक्षर पढाइरहेको देख्दा मनमा अलि साहस बढ्यो। गुरुमांहरू पूजा गर्ने र कथा भन्ने कार्यमा मात्र सीमित हुनुहुन्न रहेछ। शिक्षा दान गर्ने जस्ता प्रशंसनीय कार्यहरू पनि गर्नु हुँदो रहेछ भन्ने कुरा थाहा पाइयो।

केही दिन पछि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भयो। यो गोष्ठीको उद्देश्य अनुसार प्रत्येक शुक्रबार दिउँसो ४ बजे देखि ६ बजे सम्म बौद्ध शिक्षा अध्ययन गराउने कार्य संचालन गरियो। बौद्ध शिक्षा सिकाउने क्रममा त्यहाँ बुद्धको शिक्षालाई कसरी व्यवहारिक रुपमा प्रयोगमा ल्याउने भन्ने बारे छलफल गर्ने र बुद्ध शिक्षामा आधारित लेखहरू लेख्न सिकाउने कार्य पनि भइराखेको हुनाले विद्यार्थी वर्गका लागि यस कक्षा विशेष उपयोगी बन्न गएको थियो।

यस गोष्ठी स्थापना भएदेखि बुद्ध शिक्षा अध्ययन गर्न पाएको मात्र होइन विभिन्न बौद्ध देशको चाल चलन पनि थाहा पाउने मौका मिल्यो। हामी पनि यस गोष्ठीको सदस्य बनी बुद्ध शिक्षा व्यवहारिक पक्षपाती हो भन्ने कुरो थाहा पाउन सक्यौं। यस्ता ज्ञानगुणले भरेका शिक्षा अध्ययन गर्न पाएकोले त हामी ज्यादै खुशी भयौं। जुन धर्म व्यवहारिक हुँदैन, त्यो धर्म धर्म हुन सक्दैन वरु परम्परागत चलन र देखावटी धर्म मात्र हुनेछ। यथार्थवादी हुन सक्दैन।

धर्मकीर्ति विहार र बौद्ध अध्ययन गोष्ठीले गर्दा थुप्रै महिला वर्गहरू बीच बुद्ध शिक्षामा जागृति आएको र साथसाथै व्यवहारहरू पनि सुध्रिदै गएको बारे आ-आफ्ना



Downloaded from http://www.dhamma.digital

आमा बुबाहरूले चर्चा गरेको सुनिन्थ्यो । कसैले भन्ने गर्थ्यो- "हाम्रा छोराछोरीहरूले राम्रो ठाउँको संगत गरेकोले हाम्रो घरको कामहरू सुचारु रुपले संचालन हुँदै आएको छ । घरको काममा राम्रो सहयोगहरू दिइरहेका छन् ।" यस्तो राम्रो प्रशंसनीय कुराहरू सुन्न पाउनु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको लागि नै गौरवको कुरो हो ।

यस अध्ययन गोष्ठी धर्मकीर्ति विहारको गुणीलो उपहार हो । अर्को शब्दमा भन्ने हो भने धर्मकीर्ति विहारको यो रचनात्मक कार्य हो । यसको मतलव गोष्ठीको स्थापना भएदेखि महिनाको एउटा हिसावले पुस्तक प्रकाशन भइरहेको छ । त्यसैले मैले यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उन्नतिको कामना गर्दछु ।

*साभार: धमकीर्ति, बुद्ध संवत् २५१६* ■

## तीर्थ गर्ने नानी

✍ **ज्ञानरत्न शाक्य**, पलाती ।

तिमी हौ मेला भर्ने नानी
तीर्थ ब्रत गर्ने नानी
यसपाली त्रिवेणी घाट पनि
नुहायौ मकर मेलामा पनि
देख्यौ तिमीले रोगी पनि
देख्यौ तिमीले मर्ने पनि
देख्यौ तिमीले साधु पनि
देख्यौ तिमीले झगडालु पनि
समयमा उठाउने छैन नानी
देख्यौ तिमीले भक्त पनि
स्वार्थी रहेछन् धेरै नानी
बुझ्यौ तिमीले आज नानी
उत्पत्ति विनास नहुने ठानी
आफूले आफैलाई ठूलो ठानी
अन्धविश्वासी बनी हिंड्ने बानी
छोड्दैनन् भक्तजनले नानी
तिमी पनि भक्त नहोऊ नानी
बरु होऊ श्रद्धावान नानी
नुहाएर शार गर नानी
मनको मैलो पखाल नानी ।

## धर्मम्हसीकेनु

✍ **बेखा रत्न शाक्य**, यल ।

मुदिता भाव थ:के मदुम्हं
शान्तिया मार्ग गबले खनी ?
निग्ति धन हे त्याग मदुम्ह
निर्वाण मार्ग गबले खनी ॥

सम्यक दृष्टि मने मदुम्हं
धर्म धयागु गबले म्हसी
धर्म दईगु कर्म मस्यूम्हं
दु:खं गबले मुक्त ज्वीफई ॥

पापया फल वैगु मस्युम्हं
अधर्मी जुया कमे याई
मेगु जन्मे भोग यायेत
दु:खया पुसा ज्वनातुं वनी ॥

उकिं बुद्धं अनित्य खंका
भौतिक धन लोभ मया:से
जन्म, मरणं मुक्त जुईत
निर्वाण मार्ग ल्वीका बिज्यात ॥

थुजा:गु ज्ञान कना बिज्याम्ह
बुद्ध म्हसीका शरण वना ।
दु:खं मुक्त झी जुया च्वनेनु
बुद्धया शिक्षा पालन याना ॥

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू:-**
क्र.सं. २७४
**श्री अमृत बहादुर शाक्य**
**घ१-१७५, असन वहाल, काठमाडौं-३**
रु. १०११/-



Downloaded from http://www.dhamma.digital

# भन्न सजिलो, गर्न गाऱ्हो

✍ भिक्षु अश्वघोष

एक दिनको कुरो- बुद्धसमक्ष एकजना विद्वान गएर यसरी प्रश्न सोधेछ- "गौतम ! आफू बूढो नभएसम्म आफ्नो भलो हुनका लागि के गर्नुपर्दोरहेछ ?"

बुद्धको उत्तर थियो- "बूढो नभएसम्म आफ्नो भलो चाहने व्यक्ति शील सदाचार गुणले सम्पन्न हुनुपर्दछ । अर्थात्, बानी व्यहोरा राम्रो हुनु नै बूढो नभएसम्मका लागि भलो हुने गुण हो ।" (संयुक्त निकाय)

पाली साहित्यमा व्याख्या गरिएअनुसार जीवन सुखमय बनाउनका लागि शील, आचरण र चरित्र राम्रो हुनुपर्छ । नैतिकवान हुनु, दृष्टि पवित्र हुनु, घमण्डी नबन्नु, आफूमा नभएका गुणहरूलाई पनि आफूमा भएको जस्तो गरी भूठो आडम्बरी नदेखाउनु, अरूलाई बाधा नपर्ने गरी बाँच्नसक्नु, अरुको विश्वासपात्र बन्नसक्नु अर्थात् छलकपटी नबन्नु र कोमल स्वभाव हुनु आदि सबै शील सदाचारमा समाविष्ट गुणहरू हुन् । मानिसको व्यक्तित्व पनि यी गुणहरूमा आधारित हुन्छन् ।

माथि उल्लेख गरिएका नैतिक गुणहरूमध्येबाट केही अंश भए पनि मानिसहरूमा समावेश होस् भन्ने मनसाय र उद्देश्य राखेर नै संघ-संस्थाहरू स्थापना गरेर धर्म प्रचार गर्ने गरिन्छ । यसको लागि संघ-संस्थाका पदाधिकारीहरूमा पनि ती राम्रा नैतिक गुणहरूमध्ये केही गुणहरू महत्त्वाकांक्षी भावना नहुनु, मादकपदार्थ सेवन नगर्नु, घमण्डी नबन्नु र आफ्नो मात्र प्रभुत्व जमाउन नखोज्नु समावेश हुनु आवश्यक देखिन्छ । यी बाहेक धर्म प्रचारका अरु माध्यमहरू, प्रवचन, पूजाआजा र पुस्तक प्रकाशन आदि पनि हुन् । यसका अतिरिक्त बूढो नभएसम्म आफ्नो भलो चाहने हो भने बुद्धले बताउनुभएको शिक्षा सदाचारी बन्नुलाई कदापि बिर्सनु हुँदैन । धर्म प्रचारको ठोस माध्यम मालिक बनेर होइन, सेवक बनी कार्य गर्नुलाई मानिन्छ ।

बुद्ध धर्म भन्नु नै खास गरी वर्तमान जीवनलाई कलंकरहित बनाई निर्वाह गरेर बस्ने जीवनपद्धति हो । यसैले बुद्धधर्मलाई मरिसकेपछि सुखी हुनका लागि भनी ठान्नु मूर्खता ठहरिनेछ, किनभने वर्तमान जीवन सुखी र सफल नभएसम्म भविष्य उज्ज्वल हुन सक्दैन । त्यसैले यसको लागि मानिसको जीवन-चरित्र, बानी-व्यहोरा र रहनसहन राम्रो हुनु अनिवार्य देखिन्छ । रहनसहन राम्रो हुनु भनेको विलासी जीवन बिताउनसक्नुलाई भनिएको होइन । राम्रो आचरण सहितको राम्रो बोलीवचन भएजस्तै निस्वार्थ र शुद्ध चित्तले काम गर्न सक्नुलाई भनिएको हो । त्यसैले बुद्धले शीलाचरण राम्रो हुनुपर्छ भन्ने कुरामा जोड दिनुहुँदै आध्यात्मिक शक्ति नै नैतिक बलमा निहीत भएको कुरा बताउनु भएको छ ।

आजकाल त शील सदाचार भन्नु नै पञ्चशील प्रार्थना गर्नु हो भन्नेमा सीमित रही त्यसलाई पालना गर्ने कार्यतिर त्यति ध्यान दिइएको देखिँदैन । त्यसैले शील विषयमा अझ विस्तृत अध्ययन र चर्चा गरौं ।

शील भनेको नराम्रो काम नगर्नु मात्र होइन र राम्रो कार्य गर्नु मात्र पनि होइन । यसको अतिरिक्त आफू-आफूमा व्याप्त रहेको संकीर्ण विचारधारालाई त्यागी आफ्नो मनलाई शुद्ध पार्नु हो । अनि मात्र सबैको रमाइलो हुनेछ । यही सन्दर्भमा चीनको एउटा घटना यहाँ उल्लेख गर्न चाहन्छु ।

एकजना चीनियाँ भिक्षु तावलिङ्ग रुखको हाँगामा आसन जमाई ध्यान गरिरहेका थिए । एक दिन दार्शनिक पो-चु-ई (वर्तमान जीवनबाट टाढा रहेको परलोक र यो विश्व कसरी निर्माण भयो आदि विषयमा चिन्तन गरिरहने व्यक्ति) त्यही रुखमुनि पुगेर रुखको हाँगामाथि बसी ध्यान गरिरहेका तावलिङ्ग भिक्षुलाई देखेर "खतरा ! खतरा !" भन्दै कराउन थालेछ । यस शब्दलाई सुन्नेवित्तिकै रुखमाथि बसिरहेको भिक्षुले पनि "खतरा ! खतरा !" भन्दै कराउन थाल्यो ।

अनि दार्शनिकले आश्चर्य मान्दै सोधेछ- "होइन, हामी जमीनमा बस्नेहरू त त्यसै पनि सुरक्षित नै छौं नि ! हामीलाई यहाँ कुनै खतरा नै छैन । तिमी रुखमाथि बसिरहेकोले तिमीलाई मात्र खतरा भएको छ । उल्टो तिमीले मलाई खतरा भन्दै किन गिज्याउँछौ हँ ?"

रुखमाथिको भिक्षुले भन्न थाल्यो- "रुखमाथि बस्नेलाई भन्दा रुखमुनि बस्ने व्यक्तिलाई रिँगटा लागेको देखियो । त्यसैले जसको ध्यान समाधि बलियो हुन्छ, उसलाई जहाँ बसे पनि खतराको अनुभव हुँदैन र ऊ जहाँ



Downloaded from http://www.dhamma.digital

बसे पनि सुरक्षित नै हुनेछ । किनभने, उसको मन स्वच्छ र पवित्र हुन्छ । तर, जब मानिस चेतनाहीन हुन्छ, उसको ज्ञान परिपक्व हुने छैन । त्यो व्यक्ति रुखमाथि त के, ढुंगाको गुफाभित्र लुकेर बसे पनि सुरक्षित हुने छैन ।

यसरी रुखमाथि बसेर निर्भिक र सत्य कुरा गर्दैरहेको भिक्षुलाई देखेर दार्शनिक पो-चु-ई छक्क पर्दै भिक्षुसँग प्रश्न सोध्यो- तपाई को हुनुहुन्छ ?

भिक्षुले भन्यो- "म बुद्धको शिक्षा प्रचारक बौद्ध भिक्षु हुँ ।" दार्शनिक- "त्यसो भए बुद्धको मूल शिक्षा के रहेछ- मलाई पनि बताउनूस् !"

भिक्षु- "लौ त, ध्यान दिएर सुन्नुस् । नराम्रो काम नगर्ने, असल कामको अभ्यास गर्ने र आफ्नो चित्तलाई शुद्ध पार्दै लाने । यही नै बुद्धको मूल शिक्षा हो ।"

दार्शनिक पो-चु-ई निराश हुँदै भन्न थाल्यो - यो कुरा त भर्खर ३ वर्ष बालकलाई पनि थाहा छ । यस्तो पनि बुद्ध शिक्षा हुन्छ ?

भिक्षुले भन्यो- "३ वर्ष बालकदेखि १०० वर्ष बूढोले समेत थाहा पाएका यी तीन कुरालाई आफ्नो जीवनमा अभ्यास गर्ने व्यक्तित्वहरू कतिजना छन् त ? कोही पनि छैनन् भने पनि केही फरक पर्दैन ।"

दार्शनिकले विचार गरेर भन्यो - "अहो ! बुद्धको मूल शिक्षालाई बुझ्न त सजिलो रहेछ । बुझ्ने जस्तै शिक्षालाई पालन गर्नेहरू त धेरै नै कम रहेछन्, किनभने यस शिक्षालाई बुझ्न सजिलो भएजस्तै पालन गर्नु त्यति सजिलो रहेनछ । अर्थात्, यस शिक्षा पालन गर्ने कार्य मामुली रहेनछ । भन्न सजिलो गर्न गाह्रो भनेको पनि यही रहेछ ।"

**नेपाःयात अग्ग महासद्धम्म जोतिकधज पदवी**

**नेपाले दकेल थकालिम्ह भिक्षु अनिरूद्ध महास्थविरयात म्यानमार (बर्मा) सरकारं "अग्ग महासद्धम्म जोतिकधज" पदवी बिया सम्मान यागु दु । थ्वयां न्हापा मदे धुंकुम्ह संघनायक भिक्षु शाक्यानन्द महास्थविरयात थ्वहे पदवी बिया सम्मान यागु खः । अथे हे मदे धुंकुम्ह संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविरयात "अग्गमहापण्डित" पदवी बिया सम्मानित यागु खः । भिक्षु अनिरूद्ध महास्थविर चैत्र १५ गते बर्मा लिहाँ बिज्यागु दु नापं भिक्षु गुणघोष स्थविर नं लिहाँ बिज्यागु दु ।**

## "शान्त नै गालीको उत्तर हो"

✍ **हरिकृष्ण श्रेष्ठ**, धरान-१२

शान्त बस ए प्रिय साथी हो
मुख नफर्काउ ठूलोको
शिक्षा सम्झी गालीलाई
आफ्नो हृदयमा छपाउ
गाली गर्नेको गाली हराउँछ
रिसाउनेको रिस मर्छ
हसिलो मुस्कानले मुस्कुराउ
रीस गर्नेहरू त्यसै नम्र बन्छ ।
जीवनमा अनेक समस्या आउँछ
यता गरे उता रिसाउँछ
उता गरे यता रिसाउँछ
एक्लो जीवन कता हो कता
घनघोर समस्या आई पर्छ
हे प्रिय साथी मनमा शान्तको कप लेऊ
मन मन नै भगवान बुद्धलाई सम्झीदेउ
संकटमा परेको बेला
यो दुःखका संसारबाट पार पाउने छौं !

## सुख

✍ **गौतम वीर बज्राचार्य**
यशोधरा महाविहार बुःबहाल

हे प्रभु भगवान सुमार्ग देखाई देउन
अज्ञानी हामीलाई शरणमा लेउन
सुखको बाटो खोज्दै खोज्दै आएँ
सुख सम्झी समेटेको दुःख मात्रै पाएँ
गाउँ गाउँ घुमे शहर सबै डुली हिडें
छैन कतै सुख दुखै दुःख मात्र पाएँ
पैसाको पोको छ सुख पाउने ढोको छ
हेरा मोती भए पनि पापीलाई दुःख छ
लोभमा डुबेर फताहाले झेल गरे छ
पापीको मनभित्र प्रभु देउ उपदेश



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-४

थुगु धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं -४ धैगु च्वसु धर्मकीर्ति पत्रिकाया वर्ष १५ अंक १ य् पिंदगु थ्व हे शिर्षकया प्यंगूगु ब्व खः । थुगु ब्वय् धर्मकीर्ति पत्रिकाया वर्ष ४ ल्याः ४ स खनेदुपिं मिसा च्वमिपिं व वय्कःपिसं च्वयादीगु च्वसुया बारे उल्लेख याय्गु जुइ ।

४. भिक्षु अश्वघोष (सं) - धर्मकीर्ति ४,४ ने.सं. १०९५ बु.सं. २५१९ वि.सं. २०३२, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः नघः टोल, काठमाडौं ।

धर्मकीर्ति पत्रिकाया वर्ष ४ व ४ स क्वय् न्ह्यथनापिं मिसा च्वमिपिनि व वय्कःपिनि च्वसु दुथ्याःगु दु ।


| | | | | | |
|---|---|---|---|---|---|
| १. | शाक्य पदम देवी | - | बुद्धया विचार | - पौ | १०-११ |
| २. | तुलाधर रीता कमल | - | तँ | - ,, | १२-१३ |
| ३. | पुष्पा नकर्मि | - | योग्यम्ह गुरु | - ,, | १७-१८ |
| ४. | ताम्राकार प्रेमहेरा | - | सुखया लँपु | - ,, | १९-२१ |
| ५. | श्रेष्ठ, कमला | - | बौद्ध शिक्षा | - ,, | २५-२६ |
| ६. | धम्मवती | - | मुक्ति मार्ग गन दु ? | - ,, | २७-२९ |
| ७. | स्थापित, नीलशोभा | - | बुद्ध जीवनी ब्वनावले | - ,, | ३२-३३ |
| ८. | शाक्य, मधुरा | - | बैशाख पुन्ही | - ,, | ३४-३५ |
| ९. | बनियाँ, मीना | - | संस्कार | - ,, | ३६-३८ |
| १०. | तुलाधर, सुमन कमल | - | धर्म छु खः ? | - ,, | ४१-४३ |
| ११. | Sthapit, Sameer | - | The practical Aspect of Buddhism in the Modern world | - ,, | 51-52 |


धर्मकीर्ति पत्रिकाया थुगु प्यंगूगु ल्याखे दुथ्यागु विभिन्न च्वमिपिनि च्वसु याना मुक्कं २२ पु दु । गुकी मिसा च्वमिपिनि च्वसु व कविता याना जम्मा ११ पु दु ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखे दकले न्हापाया च्वसु पदम देवी शाक्यया "बुद्धया विचार" धैगुली वय्कलं थौंया इले बुद्धया विचार तसकं बाँला च्वछाय् वहःजू धैदिसे छुकीसं लोभ मयाय्गु, ज्या सफल याय्त मेहनत यायेगु, कर्तव्य पालन याय्गु, थःगु दोष खंकेगु, म्वाः मदुगु खँ मल्हाय्गु थःके मदुगु गुण सुयातं मक्यनेगु आदिथें ज्याःगु बुद्धया विचार अनुसार ज्या याना यंकल धाःसा भीसं जीवने गबलें दुःख सीमखु धका सल्लाह वियादीगु दु ।

अथेहे "तं" धैगु च्वसुइ मय्जु रीता कमल तुलाधरजुं धैदी कथं मनोबैज्ञानिकतय् धापू कथं भीसं तं पिहां मवय्कल कि मने अशान्ति जुइ धया तःसां गबलें गबलें तं पिमकासें सुंक च्वना नं अशान्ति तना वं । नापं थुकी तँ पिहाँ वइगुया किसिम, इब्योः मदय्क तं पिहां वय यःगु मनूतय्गु स्वभावया वर्णन याना दिसे तंया फाइदासिकं बेफाइदा यक्को दुगुलिं तंयात न्ह्यावलें क्वत्यला च्वने फय्केमाः धका थःगु विचा प्वंका दीगु दु ।

धर्मकीर्ति पत्रिकाया मेम्ह मिसा च्वमि मय्जु पुष्पाजुं "योग्यम्ह गुरु" धैगु थःगु च्वसुइ वय्कलं गुरु धैपिं तःगु प्रकारयापिं दुसां न्हापांयापिं गुरुपिंला मांबौपिं हे खः । अले आपालं शिक्षा हासिल याना थःगु जीवन सफल याय्त स्कूल कलेजे नं ब्वनेमाः । थबले भीत योग्यम्ह गुरु अर्थात मनोविज्ञानया शिक्षा दुम्ह दया माया करुणा तया वातावरण अनुसार पाठ ब्वंके सःम्ह ज्वीमाः धका बुद्धकालीन घटनात नं न्ह्यथना दीगु दु ।

अथे हे मय्जु प्रेमहेरा ताम्राकारजु "सुखया लँपु" धैगु थःगु च्वसुइ वय्कलं बुद्ध धर्म अनुसार सुखमय जीवन धैगु चिन्ता मुक्तगु जीवन खः अले थज्यागु सुखमय जीवने चिन्ता मुक्त जुइत भीसं मेहनती जुया इले ज्या याय् सय्केगु, न्ह्याक्व दुसां मगाःगु आशाकुति मन मजुइगु दश अकुसल तोता छ्वय्गु थःथःगु कर्तव्य पालन याय्गु कर्पिनिगु दोष मालेगु तोता छ्वय्गु ज्या याना यंकल धाःसा अवश्य नं सुखमय जीवन हने फइ धैगु थःगु विचाः न्ह्यब्वया दीगु दु ।

"बौद्ध शिक्षा धैगु च्वसुइ मय्जु कमला श्रेष्ठजुं बौद्ध शिक्षाया मू उद्देश्य आध्यात्मिक उन्नतिया नापनापं व्यवहार बांलाकेगु खः धयादिसे न्ह्याथासं होस तया च्वनेगु थःगु दोष थःम्हं खंकेगु कर्तव्य परायण ज्वीगु परस्पर सहयोगी ज्वीगु नुगः यचुकेगु हे बौद्ध शिक्षा जूगुलिं उकथं ज्या याना यंके फत धाःसा भीसं सफल जीवन हने फै धैगु लेखिकाजुं थःगु विचाः अभिव्यक्त याना दीगु दु ।

धम्मवती गुरुमांया "मुक्तिमार्ग गन दु ?" धैगु च्वसुइ वसपोलं मुक्ति मार्ग गन दु? धैगु न्ह्यसःया लिसः



Downloaded from http://www.dhamma.digital

वी अ:पू मजू धैविज्यासे गथे छम्ह रोगीं जित: रोग मदेका ब्यु धका जक हालां मज्यू धात्थें स:म्ह बैद्ययाथाय् वना वयागु बुद्धिं योग्यतां बांलाक जाचे याना वास: ब्यूगु नया म्हुतु म्हाला: ल्वय् लाय्केमा: । अथे हे बुद्ध धर्म व संघया शरण वना मन शुद्ध याना आचरण याना यंकेमा: धया विज्यागु दु । नापं धात्थें दु:ख फुके धुंकूम्ह बुद्धं हे जक दु:ख मदैगु लं क्यने फु, उकिं बुद्धं धया बिज्याथें अविद्या व क्लेशया कारणं दु:ख दया वया च्वंगु ख: धका सीका: दु:ख जुइगु ज्या मयासे प्यंगू आर्य सत्य थ्वीका, आर्य अष्टाङ्गीक मार्गय् वना क्लेसयात क्वत्यंला छ्वय् फत धा:सा मुक्ती मार्ग थ्यनी धका भी सकसितं ध्वाथुइक कना बिज्यागु दु ।

थुगु ल्या:चा मेम्ह मिसा च्वमि मय्जु नीलशोभा स्थापितजुं "बुद्ध जीवनी ब्वनाबले" धैगु च्वसुइ मनूतयसं बरदान कायेत मूर्तियात द्यो भा:पा पूजा याइगुलिं वरदान काय्गु आशां बुद्धयात पूजा याना वयाच्वंम्ह च्वमि मय्जु धर्मकीर्ति विहारे वय्गु बानी जुसांनिसें गुरुमांपिनि धर्म देशना न्यना बुद्ध द्यो मखु भीथें ज्या:म्ह मनू धका सीका कयागु खँ न्ह्यथना दिल । नापं बुद्ध मनू जूसां भी साधारण मनू स्वया पा:म्ह बोधिज्ञान प्राप्त याना बिज्याम्ह, चतुआर्यसत्य बांलाक थूम्ह, निर्वाण प्राप्तया नितिं लँ क्यना विज्याम्ह मार्ग प्रदर्शक, नुग: यचुम्ह सकल प्राणीपिनि उपरे मैत्री करुणा तया विज्याइम्ह उपदेश बियाथें आचरण नं याना विज्याइम्ह ज्या व खँ ल्व:म्ह मनू ख: धका थ:म्हं बुद्ध जीवनी ब्वनावले बुद्धयात म्हसीकागु खँ उल्लेख याना दीगु दु ।

थथेहे मथुरा शाक्यजुं च्वयादीगु बैशाख पुन्ही धैगु च्वसुइ वय्कलं विश्वया लागी हे महत्वपूर्णगु दिन स्वाँया पुन्ही विश्वं थौं छाय् माने याना च्वन अले बौद्ध तय्सं स्वाँया पुन्ही गुकथं माने याय्मा: धैगु खँ न्ह्यथसें साधारण मनूत सीसा छुं समय तक जक लुमनी तर छम्ह महापुरुष न्ह्यावलें अमर जुइ । अथे हे बुद्ध मदुगु दोलंदो दँ दय् धुंकूसां बुद्ध बहुजन हित सुखया लागि लँपु क्यना विज्यागुलिं थौ तकं नेपाले जक मखु विश्वे हे ल्यना च्वंगु दु धैगु खँ कनादिल । नापं अज्ञानतां लुम्बिनी च्वंम्ह महामाया देवीयात महाकाली देवी धका बलि बिया पुज्याना च्वंगुयात धर्मादित्य धर्माचार्यजुं बलि बिइगु दिका बियादीगु खँ कुलादिसें भीसं थौं बुद्ध जयन्तियात श्रद्धाया दिवसया सिकं बहुजन हित व शान्ति दिवसया रुपे माने याय्मा: धका थ:गु बिचा नं प्वंका दिल ।

थुगु ल्या:चा मेम्ह च्वमि मय्जु मीना बनियाजुया "संस्कार" धैगु च्वसुइ वय्कलं संस्कार धैगु विश्वास चाला, बानी अले मनूतय्गु पह: चहयात धाइ धका संस्कारया परिभाषा बियादिसे थज्यागु संस्कार तोते थाकु, अर्हत जुइ धुंकूपिनि हे थज्यागु संस्कार ल्यनाच्वं धैगु छपु बाखँ नं न्ह्यथना दिल । नापं भीसं म्वा:मदुगु ज्याय्ख्यले मदुगु संस्कार व विश्वासयात तोता छ्वय्मा: अले थज्यागु संस्कार तोता छ्वयत भीके शिक्षा, सत्संगत मा: धैगु खँ न्ह्यथना दीगु दु ।

थथेहे "धर्म छु ख:?" धैगु थ:गु च्वसुइ मय्जु सुमन कमल तुलाधरजुं न्हापा धर्मयात धायवं दु:खं मुक्त जुइ, मन याउँइ अले सी धुंका स्वर्गे यंकीगु लँपु चाय्का बी धैगु विश्वास याना वया च्वंगु ख: तर थौंया बैज्ञानिक युगे धर्म धका न्हापाथें मिखा तिसिना उकी लगे जुइ मखु, थौंया मनूतय्त धर्म धैगु नैतिकतां जा:गु निस्वार्थपूर्णगु मानविय ब्यवहार दय्का बीगु ख: धैगु खँ भी सकसितं कनादीगु दु । नापं थौंया युगयात ल्व:गु स्वतन्त्र न्ह्यपुं बांलाक बिचायाना थ्वीका यंकल धा:सा भीगु ब्यवहारिक जीवनया लागी साप ज्याय्लगे जूगु थनया थन हे फल बीगु युग अनुसार हिला वनीगु परिक्षा याना स्वय बह:गु मिखा तिसिना ग्रहण याय् म्वा:गु अभ्यासं व आचारणय् निर्भर जुया च्वंगु धर्म बुद्ध धर्म हे ख: धका थ:गु बिचा ब्यक्त यानादीगु दु ।

थुगु ल्याया अंग्रेजी भाषां च्वयात:गु मय्जु समीर स्थापितजुया The practical Aspect of Buddhism in the Modern world धैगु च्वसुइ वय्कलं गुम्हगुम्हस्यां बुद्ध धर्म धैगु ब्यवहारिक धर्म मखु अले थ्व धर्म अनुसार छम्ह बौद्ध जुइत भिक्षु अथवा भिक्षुणी हे जुइमा: धैगु धारणा दु तर थ्व बुद्धया शिक्षा बांलाक मथूगुलिं थज्यागु कुधारणा जूगु ख: धैगु खँ न्ह्यथना दीगु दु । नापं बुद्धया शिक्षा धैगु भिक्षु भिक्षुणीया लागी जक मखु सकल प्राणीया निंतिं ख: । अले अज्ञानता व दु:खं मुक्त जुइत निर्वाण प्राप्त याय्मा:गु खँ कनादिसे चतुआर्य सत्य व आर्य अष्टांङ्गिक मार्गया लँ लिना वनेमा:गु थ:गु बिचा: ब्यक्त यानादीगु दु । नापं वय्कलं भी सकस्यां बुद्धं क्यना बिज्यागु लँ लिना बुद्धिं ज्या याना बुद्धंथें सकसितं करुणा मैत्री चित्त तय्फय्मा सकल प्राणी दु:खं मुक्त जुइमा धैगु आशिका नं यानादीगु दु । ■



Downloaded from http://www.dhamma.digital

**"चीन भ्रमणको अनुभव"**

२०५४ माघ ४ गते । यस दिन वीर्यवती गुरुमांले चीन देशमा करीव ५१ दिनको भ्रमण बारे आफ्नो अनुभव बताउनु हुँदै भन्नुभयो ।

"हामी China Buddhist Association को निमन्त्रणामा धर्मोदय सभाको तर्फबाट नेपालबाट पाँच जवान गुरुमांहरू (अनोजा, सुजाता, ञाणवती, कुशुम र वीर्यवती) करीव ५१ दिनका लागि (6th Nov.- 26th Dec.) चीन भ्रमण गरेर फर्क्यौं । खासगरी यस भ्रमणलाई भिक्षुणी विनय सम्बन्धी तालिम भने पनि हुन्छ । किनभने ५१ दिनमा करीव २६ दिनसम्म त हामीलाई चीनको canton city स्थित Wu Zhou Nunnery मा भिक्षुणी विनय सम्बन्धि तालिम दिइएको थियो । China Buddhist Association को आयोजनामा संचालित उक्त कार्यक्रमको लक्ष भिक्षुणी शासनको संरक्षण र संवर्द्धन गर्नु हो । श्रीलंकाबाट चीनमा भित्र्याइएको भिक्षुणी शासन चीनले हालसम्म पनि सुरक्षापूर्वक जोगाई राख्न सफल हुनु एक प्रशंसनिय कार्य ठहरिन्छ । जबकि श्रीलंकामा भिक्षुणी शासन लोप भइसकेको छ । यस भिक्षुणी प्रव्रज्या कार्यक्रम १० जवान भिक्षु र १० जवान भिक्षुणीहरूको संरक्षकत्वमा क्रमश: Guanxiao Monastery र Wu zhou nunnery मा सम्पन्न भएको थियो । प्रव्रज्या दिनु अगाडि लगभग १ महिना सम्म विनय, आचारण र नैतिक शिक्षा सम्बन्धि तालिम दिइएको सो कार्यक्रममा अधिकांश तवरले थेरवादी तरिकाले नै प्रश्नहरू सोधी प्रव्रज्या गरिएको थियो ।

Wu zhou nunnery का भिक्षुणीहरूको नियमहरूले हामीलाई ज्यादै प्रभावित पारेका थिए । विहान १२ बजे अगाडि भोजन पछि दाँत माझ्नु पर्ने र त्यसपछि तातो पानी बाहेक केही पनि खाना खान नहुने नियम थियो त्यहाँ । करीव ४० जवान भिक्षुणीहरू रहनु भएको सो विहारमा प्रत्येक भिक्षुणीहरूलाई विहारका प्रशासनिक कार्यहरू देखि लिएर भान्छामा खाना पकाउने, आगन्तुकहरू आउँदा विहारको ढोका खोल्ने, फोन उठाउने, विहारका विभिन्न कार्यक्रमहरू बारे व्यवस्था मिलाउने आदि सबै कार्यहरू सबै भिक्षुणीहरूको वीच बाँडफाँड गरिएका थिए । आ-आफ्ना कर्त्तब्यहरू सबैले लगनशीलता साथ निभाउने गर्थे । विहारका प्रमुख गुरुमांको नाम थियो "ख्वान चिन" । वहाँ ७० वर्ष पार गरिसक्नु भएकोले उहाँका एक नीजि सेवक राखिएको थियो । विहान जलपान र भोजन गर्ने समय प्रमुख गुरुमां आफ्ना चेलीहरूलाई दाँया बाँया राखी आफू वीचमा बसी चेलीहरू संगै खाना खानु हुन्थ्यो । खाना पछि केही बेर बुद्ध शिक्षा र नैतिक शिक्षाहरू बारे धर्म देशना दिनुहुन्थ्यो । खाना खाने बेलामा कसैले कुरा गर्न त परै जावस् चम्चा र प्लेटहरूको आवाज आउला भन्ने पनि डर मान्नु पर्थ्यो । विनयलाई कट्टर तरिकाले पालना गर्न रुचाउनु हुने त्यहाँका भिक्षुणीहरू रुपैंया पैसा नछुने शील पनि पालना गर्नुहुन्थ्यो । यसको लागि एक कप्पियकार लिएर मात्र बाहिर जाने गर्नु हुन्थ्यो । तर आजको युगमा यस शीललाई पालना गर्नु त्यति व्यवहारिक देखिदैन । अमिताभ बुद्ध (भूतकालीन बुद्ध), शाक्य मुनि बुद्ध (वर्तमान बुद्ध) र मैत्रिय बोधिसत्त्व (भविष्यको बुद्ध) लाई विशेष आदर गौरव राख्ने चीनियाहरूले विशेष गरी बुद्धहरू र बोधिसत्त्वहरूको गुणलाई स्मरण गरी विहान बेलुकी नित्य पाठ गर्ने गर्नुहुन्थ्यो । बोधिसत्त्वहरूमा विशेष गरी अवलोकिटेश्वर, समन्त भद्र बोधिसत्त्व, क्षितिगर्भ बोधिसत्त्व, मञ्जुश्री बोधिसत्त्व, मैत्रेय बोधिसत्त्व र अन्य विभिन्न बोधिसत्त्वहरूको कार्यहरूको गुणानुस्मरण गर्दै पाठ गर्ने चीनियाहरूले आफ्ना विहारका प्रमुख गुरुमां देखि लिएर क्रमैसंग ढोका पाले गुरुमांसम्म सबै गुरुमांहरूको आ-आफ्नो कार्यहरूबारे कृतज्ञता ज्ञापन गर्दै वन्दना गर्ने चलन थियो । यो कार्य बेलुकीको प्रार्थना हुने गर्थ्यो । यस प्रथाले मेरो मनमा बुद्धले मंगल सूत्रमा भन्नु भएको -"कृतज्ञ गुण सम्भनु पनि ३८ वटा मंगलहरू मध्ये एक हो" भन्ने शिक्षा सम्भना हुन आयो । त्यसैले यस प्रथा एक प्रकारले राम्रै लाग्यो । दोष देख्नु भन्दा गुण देख्नु नै मानवको महानताको चिन्ह हो । त्यसैले यस प्रथा राम्रो र आवश्यक पनि देखिन्छ ।

हाम्रो र उनीहरू बीच अर्को एक फरक के देखें भने चीनियाहरू भिक्षुणी विनय पालन गर्नुका अतिरिक्त बोधिसत्त्व शील पनि पालन गर्दै यसलाई व्यवहारमा प्रयोग गरिरहेको देखें । १० वटा मुख्य शील र ४८ वटा



Downloaded from http://www.dhamma.digital

साधारण शील समावेश रहेको बोधिसत्त्व शीललाई संक्षिप्त रुपमा मैत्री, करुणा, मुदिता र उपेक्षा आदि चतुब्रह्म विहार गुण धर्मको रुपमा लिन सकिन्छ। त्यसैले बोधिसत्त्व शील पालन गर्नेहरूले आफ्नो चित्तलाई उत्तेजित पारी ध्यान भावनामा बाधा पुग्ने खालका खानाहरू सेवन नगर्न जोड दिइएको पाइयो। ती निषेधित खानाहरू विशेष गरी मांसाहारी (माछा, मासु), लसुन, प्याज छ्यापी, र अम्मलीय पदार्थहरू आदि हुन्।

बोधिसत्त्व शील पालन गर्नेहरूले मैत्री र करुणा चित्त सहितको आफ्नो चित्तलाई इर्ष्याबाट टाढा राखी प्रसन्न र प्रफुल्लित पार्न मुदिताभाव जगाइ राख्ने र आफूलाई कुनै पनि प्रतिकूल अवस्थामा पनि राग द्वेषबाट टाढा राखी तटस्थता भावना जगाई उपेक्षा भावलाई अंगाल्न प्रयासरत रहनु आवश्यक छ। चित्तलाई यस्तो अवस्थामा राखिछोड्न सक्नु नै आफ्नो चित्तलाई हरेक क्षण निर्दोष बनाई क्लेश मुक्त बनाउन मद्दत पुऱ्याउनु हो। हामी सबै बुद्ध अनुयायीहरूको मुख्य लक्ष नै यही हो भने यस्तो राम्रो कार्यलाई हामीले स्वागत गर्न योग्य देखिन्छ। त्यसैले भिक्षुणी विनयका साथसाथै बोधिसत्त्व शील पनि पालना गर्नु आवश्यक देखिन्छ। तर एउटा भ्रान्तिको कुरो बोधिसत्त्व शील पालना गर्नु भनेको नै टाउको वा हातमा धूपले पोली आगोको दाग बसाल्नुलाई सम्झन पुगेका देखिन्छन् धेरैजसो मानिसहरूले। यो त सीर्फ चीनियाहरूको परम्परा मात्र हो। यस परम्परालाई पालना गर्नु अनिवार्य छैन। यो त आ-आफ्नो इच्छाको कुरो हो। धर्म भनेको देखावटी होइन, धर्म त शुद्ध पवित्र मनमा समावेश भएको हुन्छ, बाहिरी पोशाक र देखावटी कृयाकलापमा धर्म समावेश भएको हुँदैन।

तर चीनियाहरूले बुद्धको खास शिक्षालाई वादविवाद गरेर होइन, आफ्नो दैनिक जीवनको व्यवहारमा निस्वार्थपूर्वक प्रयोग गरिरहेको पाएँ। यो कुरो हामी स्वयंले उनीहरूको निस्वार्थ सेवा भावलाई ग्रहण गर्ने मौका पाएकोले थाहा पाएका हौं। त्यति मात्र होइन त्यहाँ भिक्षुहरूले भिक्षुणीहरूलाई र भिक्षुणीहरूले भिक्षुहरूलाई आवश्यक परेको बेला परस्पर सक्दो मद्दत पुऱ्याइरहेको देख्यौं। त्यस्तै उपासक उपासिकाहरू पनि समय समयमा विहारमा आई आवश्यक मद्दतहरू पुऱ्याइरहेका देख्यौं। त्यसैले होला चीनमा हालसम्म पनि भिक्षुणी शासन सुरक्षित रुपमा दिगो बनीरहेको। बुद्धले भन्नु भएको वचन "भिक्षु भिक्षुणी, उपासक उपासिका बुद्ध शासन रुपी रथका चार पांग्राहरू हुन्" लाई चीनियाहरूले चरितार्थ गर्न पुगेका छन्। त्यसैले चीनमा पुगेर मैले बुद्धकालीन वातावरणको नमूना नै हेर्न पाएको जस्तो महसूस गरें। यस्तो अवस्था एकदिन नेपालमा पनि आवस् भनी कामना पनि गरें।"

तारा डंगोलले संचालन गर्नुभएको यस दिनको कार्यक्रमको सभापति मीन शोभा शाक्य हुनुहुन्थ्यो।

**बौद्धहरूको दायित्त्व**

२०५४ माघ १८ गते। यसदिन रीना तुलाधरले "बौद्ध दायित्त्व" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो- संसारमा विभिन्न धर्महरू छन्। धर्महरू सबै जसो राम्रै हुन्छन्। किनभने सबै धर्मले नैतिक शिक्षाहरू दिएकै हुन्छ। तैपनि सबै धर्मको अध्ययन गर्दै गयो भने सबै धर्महरूको दार्शनिक पक्षहरू भिन्न भिन्न छन्। यी मध्ये बुद्ध शिक्षा स्पष्ट र भिन्न छन्। किनभने बुद्ध शिक्षाको मुख्य विशेषताहरू निम्न प्रकारका छन्।

१) बुद्ध धर्म अनिश्वरवादी भएकोले ईश्वर वा श्रृष्टिकर्तालाई यसले मान्दैन।
२) आत्मा वा परमात्मालाई मान्दैन र आत्मा नित्य भन्ने कुरालाई मान्दैन।
३) कुनै पनि धार्मिक ग्रन्थलाई स्वत: स्वीकार नगरी त्यसलाई स्वतन्त्र चिन्तन गर्न सल्लाह दिन्छ।
४) हाम्रो जीवन प्रवाह एउटा मात्र जीवनमा सीमित हुन्छ भन्ने कुरालाई मान्दैन।

माथि उल्लेखित विशेषताहरू अन्य धर्ममा पाइन्दैन। यसरी केही विशेषताहरूले गर्दा बुद्ध धर्म हिन्दू धर्म भन्दा फरक देखिन्छ। तैपनि कुनै व्यक्तिहरूले बुद्ध धर्मलाई उल्टो तरीकाले जनसमक्ष यसरी प्रस्तुत गर्न पुगेका छन् जुन गल्ती ठहरिएका छन्।

१) बुद्ध बिष्णुको नवौं अवतार हो।
२) बुद्ध धर्म हिन्दू धर्मको शाखा हो।
३) धर्म निरपेक्षता संविधानमा राखिएको छैन भन्ने कुराको प्रमाणित गर्ने प्रयास।

यी नचाहिंदा कुराहरूबारे हामीले खण्डन गरी बुद्ध शिक्षाको मौलिक कुराहरू जन समुदायमा प्रकाशन गर्नुपर्छ भन्ने कुरा उल्लेख गर्नु हुँदै उहाँले बुद्ध धर्मको मुख्य विशेषताहरूमध्ये हामीलाई नभई नहुने कुरो



Downloaded from http://www.dhamma.digital

"स्वतन्त्र चिन्तन" बारे लेख पढेर सुनाउनु भयो । मीन शोभा शाक्यको सभापतित्त्वमा संचालित उक्त कार्यक्रमको रिपोर्टिङ्ग तारा डंगोलले गर्नुभएको थियो ।

**प्रश्न उत्तर**

२०५४ माघ २५ गते । यसदिन प्रश्नोत्तर कार्यक्रमको शिलशिलामा कार्यक्रमका सहभागी ध्रुबले प्रश्न अगाडि राख्नुभयो- "सबै मानिसहरूले एकदिन मर्नुपर्छ भन्ने कुरो थाहा पाउँदा पाउँदै पनि धर्मको विषयमा किन एक आपसमा झैझगडा गरिरहेका होलान् ? यी झैझगडालाई कम गराउन के गर्नुपर्ला ?

प्रश्नको उत्तर दिने क्रममा मदन रत्न मानन्धरले भन्नुभयो- धर्म भनेको केवल धर्म नाममा मात्र सीमित हुन्छ । धर्मलाई बौद्ध, हिन्दू, मुश्लिम, जैन, इशाई आदि भन्दै विभिन्न नामाकरण गर्दैमा यो कदापि विभिन्न प्रकारको हुन सक्दैन । ठीक र असल कार्य जुनसुकै क्षेत्रमा पनि, जहिले पनि सबैलाई ठीक र असल नै हुनेछ भने बेठिक र खराव कार्य जहाँ पनि, जहिले पनि सबैलाई बेठिक र खराव नै हुनेछ । धर्म सर्वदेशीय, सर्वकालिक र सर्वजनीन हुन्छ । सबै वस्तु र प्राणी धर्म अन्तरगत पर्न आउँछ । वस्तु, प्राणी र मनको आ-आफ्नो स्वभाव नै धर्म हो । उदाहरणको लागि आगोले छोयो भने पोल्छ, हिउँले छोयो भने चीसो हुन्छ, रीस उठ्यो भने श्वास प्रश्वास बढ्न थाल्छ, अनुहार रातो हुन्छ । आ-आफ्नो धर्मलाई अलग अलग नाम राखिए तापनि स्वभाव धर्म भने कसैको फरक हुने छैन ।

झैझगडा र द्वन्द धेरैजसो भइरहने नै विषय वस्तु हो । यसको मुख्य कारण मानिसहरूमा लुकेर बसेको सत्काय दृष्टिको कारणले उब्जिएको म र मेरो भन्ने भावनाले युक्त साम्प्रदायिक भावनाले गर्दा हो । यसरी मेरो धर्म ठीक तिम्रो धर्म बेठिक भन्ने जस्ता गलत धारणाले सम्यक दृष्टिलाई हटाई मिथ्या दृष्टिले स्थान ओगटिएको कारणले गर्दा मानिसहरूको मनमा होश गुमी एकदिन मर्नुछ भन्ने कुरालाई समेत बिर्सने बानी पर्न गएको देखिन्छ । हामीले अर्काको दोष देख्न जति सजिलो छ, आफ्नो दोष देख्न त्यति नै गाऱ्हो हुन्छ । यी सब समस्याहरू समाधान गर्नका लागि हामीले पहिला आफूले आफैलाई चिन्ने र आफ्नो मनलाई परिशुद्ध पार्न सक्नुपऱ्यो अनि मात्र हाम्रो मनमा शान्तिले ठाउँ लिनेछ ।" उमा मानन्धरको सभापतित्त्वमा संचालित उक्त कक्षाको रिपोर्टर श्यामलाल चित्रकार हुनुहुन्थ्यो ।

**सकारात्मक दृष्टिकोण : सफलताको खुड्किला**

२०५४ फागुन २ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारीय कार्यक्रममा गोष्ठीको संस्थापक सदस्य श्री बरदेश मानन्धरले "सकारात्मक दृष्टिकोण सफलताको खुड्किला" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो- "धार्मिक क्षेत्रको साथसाथै, आर्थिक, सामाजिक र व्यवहारिक आदि सबै क्षेत्रमा सफलताको आशा सर्वोपरी रहन्छ । हामीले कुनै पनि कुरालाई आ-आफ्नो धारणा अनुसार सकारात्मक र नकारात्मक दुवै तरिकाबाट हेरिन्छ । तर हामीले हेर्दा नकारात्मक पक्ष भए तापनि त्यसलाई सकारात्मक दृष्टिकोण राखी अगाडि बढ्नु पर्छ जसले गर्दा हामीलाई सफलताको खुड्किला पार गर्न शाहस प्राप्त हुनेछ । यस क्रममा सफलताको लागि आवश्यक तत्त्वहरू यसरी लिन सकिन्छ ।

१) सकारात्मक दृष्टिकोण र उत्साहीपना, सन्तोष, सराहना, सहयोग र शाहस
२) उद्देश्य र लक्ष प्रति स्पष्टता ।
३) सही निर्णयलाई प्राथमिकताको क्रम छुट्याएर समयमा नै कार्य सम्पन्न गर्नु ।
४) आत्म विश्वास ।
५) नकारात्मक वातावरण, ब्यक्ति र प्रभावबाट टाढा रहने ।
६) आत्म निरीक्षण वा समालोचना ।
७) कृतज्ञता भाव आफ्नो सफलताको लागि सहयोग पुऱ्याउने पक्षहरूप्रति कृतज्ञता भाव राख्नुपर्छ ।
८) आफूलाई प्राप्त भएको सफलता, सक्षमता र ज्ञान अरुलाई बाँड्नु आदि ।"

यस दिनको कार्यक्रम सुश्री तारा डंगोलको सभापतित्त्वमा श्री ध्रुवरत्न स्थापितले संचालन गर्नुभएको थियो भने सुश्री रामेश्वरी महर्जनले रिपोर्ट लेख्नु भएको थियो ।

> **"मूर्खहरुको संगत गर्नुभन्दा, पाप नगरी संयमी भै मातङ्ग हाति झैं एक्लै विचरण गर्नु वेस छ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

## सम्बोधन

✍ माधवी, यशोधरा विद्यालय

हे सखे पासापिं ।
जिं धयागु खँ न्यने योसा ॥
भ्रीपिं सकलें मिले जुया ।
देश भिंकेगु स्वेनु ॥
भाषण व खँ जक ।
यक्को मल्हासे थन ॥
ज्या खँ भिंकेगु स्वेनु ।
न्ह्योने भ्रीपिं ब्वाय् नु ॥
धर्मया लिधंसा कया भ्रीसं ।
निस्वार्थपिं भ्रीपिं ज्वीनु ॥
समाज सुधार यायत थन ।
धर्म बाँलाक म्हसीके माल ॥
धर्मया लिधंसा मकायकं ।
समाज सुधार ज्वीहे मखु ॥
गन तक स्वार्थ भाव दै ।
अनतक देश उन्नति ज्वी हे मखु ॥

## मन

✍ : **विद्याकुमारी वज्राचार्य**, डिल्लीवजार

मन जस्तो ठूलो अरु कुनै छैन
मन नै हो सारा काममा धाउँने
मन छ सबै थोक छ
मन छैन कुनै पनि छैन
मन ठीक छ शरीर ठीक छ
मनै ठीक छैन त स्वास्थ्य ठीक छैन
जे गरिन्छ मनले नै गरिन्छ
मन नभए के पो गर्छ र ? कुन्नि
ठूला बनाउँने पनि मन नै हो
विद्वान हुने पनि त्यही मन हो
मनले गर्दा सबै काम सप्रिन्छ
नगर्दा नराम्रो हुन्छ त्यो काम
व्यक्तिको इच्छापूर्ति नै मनले हुन्छ
मनले असल ठाने असलै हुन्छ
कमसल ठाने कमसलै हुन्छ
मन नै मनुष्य हो
मनुष्य नै मन हो
मनले गर्दा के पो हुँदैन र ?
मनले ताके जे पनि हुन्छ
मनले बनेको विश्वमा
मनले रचेको समाजमा
मनले सिर्जित परिवारमा
यही नै हो महान् मन

## परिणाम

✍ भिक्षु विशुद्धानन्द

हामिले फुकेर हिंडे जस्तै
पगपगमा होश राख्नु पर्ने
अन्यथा जीवन दु:खदायी
पाशोमा परेको हरिण जस्तै
एक भिल्को आगोले
जंगल सखाप पारे जस्तै
एउटा सानो गल्तिले
सारा जीवन तडपिनु पर्दोरहेछ,
एक केजी क्षेप्यास्त्रले
शहर विनाश गरे जस्तै
एक दुष्ट पाखण्डीले
मानव सभ्यता ध्वस्त पार्दोरहेछ
एक डिग्री कोशले
लक्ष्य दुरी, परक पारे जस्तै
एक क्षणको आलस्यले
सयौं वर्ष पछि परिंदो रहेछ
एक थोपा विषले
प्राण त्याग गर्नु परे जस्तै
एक पलको तृष्णाले
दुराचारी बन्नु पर्दोरहेछ ।

### दिवंगत प्रज्ञानन्द महास्थविरया गुणानु स्मरण दिवस

२०५४ चैत्र ३, सोमवार, श्री शाक्यासिंह विहार यले दिवंगत संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरया न्याक्वगु गुणानुस्मरण दिवस त:जिक हन। भिक्षु कुमार काश्यप महास्थविरपाखें पञ्चशील प्रार्थना याके धुंका प्रारम्भ जूगु उगु कार्यक्रमे प्रज्ञानन्द स्मृति कोषपाखें उपसंघनायक अनिरूद्ध महास्थविर, श्री धर्मरत्न शाक्य व श्री दुण्डबहादुर बज्राचार्यपिन्त प्रज्ञानन्द साधुवाद सिरपा: ल: ल्हागु ख: । वसपोलपिंसं पालि त्रिपिटकया ग्रन्थत अनुवाद वयें बुद्ध धर्म सम्बन्धी सफू च्वया बुद्ध शासनय या:गु त:धंगु गुणयात लुमंका उगु सिरपा नापं म्हतिं म्हतिं बुद्ध मूर्ति छम्ह छम्ह व रु. ५०००/- तका नं ल: ल्हा:गु ख: ।

थुगु समारोहे भिक्षु धम्मपालं स्वागत न्वचु ब्यूसे संघमहानायक भन्तेया देन वयें श्री शाक्यासिंह विहारे पर्व पर्वया दिने धर्मदेशना, शनिवार परियत्ति शिक्षा संचालन, अयेंहे प्रज्ञानन्द निशुल्क क्लिनिकपाखें स्वास्थ्य सेवा आदि जुया च्वंगु बारे न्ह्यथना बिज्यात । श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरं धर्मदेशना याना बिज्यात । अयेंहे भिक्षु सुदर्शन महास्थविरं प्रज्ञानन्द स्मृति कोषया बारे वयें संघमहानायक भन्तेया सतवार्षिक हनेया निंतिं तयारी जुइमा:गु बारे न्ववाना बिज्यात ।

ज्याझ्वले थाई राजदूत प्रेच्छा पीतिसान् संघमहानायक प्रज्ञानन्द महास्थविरयात श्रद्धाञ्जलि देछासे श्री शाक्यासिंह विहारे जुया च्वंगु धार्मिक गतिविधि बांलाक न्ह्याना च्वंगुलिं प्रशंसा याना दिल । श्री धर्मरत्न शाक्य जुं थ:त गुगु सन्मान प्राप्त जूगु वसपोल दिवंगत संघमहानायक भन्तेनं याना ख: धया विज्यासे वसपोलया गुण व्यक्त याना बिज्यात ।

सुश्री अमिता धाख्वापाखें संचालन जूगु उगु ज्याझ्वस अनगारिका ञाणशीलापाखें सुभाय देछागु जुल । भिक्षु संघपिंत अष्टपरिकार सह दान प्रदान या:गु ख: ।



Downloaded from http://www.dhamma.digital

### लुम्बिनीमा दुईवटा शिलान्यास

१) सीमागृह शिलान्यास

२०५४ माघ २८ गते । लुम्बिनी क्षेत्रभित्र निर्माण भइरहेको पण्डितासम ध्यान केन्द्र इलाका भित्र सीमा गृह (उपोसथागार, जहाँ भिक्षुत्त्वको लागि उपसम्पदा दिक्षा दिने कार्य हुन्छ) को शिलान्यास भएको छ । ध्यान गुरु उ पण्डिताभिवंश महास्थविर प्रमुख अन्य भिक्षुहरू लगायत विभिन्न प्रतिष्ठित व्यक्तिहरूको तर्फबाट शिलान्यास कार्य सम्पन्न भएको उक्त समारोहमा महास्थविर ध्यानगुरुले प्रवचन गर्नुहुँदै भन्नुभयो -

"लुम्बिनी क्षेत्रभित्र गुरु योजना अनुसार देश विदेशका थुप्रै श्रद्धालुहरूले बुद्ध मूर्ति स्थापना गर्नुका साथसाथै चैत्यहरूको निर्माण कार्य थालनी गरिरहेका छन् । चैत्य र मूर्तिहरू भौतिक पूजा आजा गरी क्षणिक मानशिक शान्ति प्राप्त गर्नका लागि लाभप्रद हुन्छन् । त्यसकारण यसलाई भक्तिमार्गको साधन मात्र भन्न सकिन्छ । तर यस कार्यमा मात्र सन्तुष्ट भईरहनु राम्रो होइन । किनभने यस प्रकारको कार्यले मात्र मानिसहरूको चरित्र निर्माण र आध्यात्मिक उन्नति हुन्छ भन्न सकिदैन । त्यसकारण हाल यहाँ विपस्सना ध्यान केन्द्रको निर्माण भइरहेको छ । विपस्सना भनेको सही रुपमा आध्यात्मिक उन्नति र व्यक्तिको चरित्र निर्माणको लागि हो । विपस्सना ध्यान सही रुपमा अभ्यास गरेको व्यक्तिले मात्र अनित्य, दु:ख र अनात्माको अर्थ राम्ररी बुझी खराव र असल कार्यहरूलाई छुट्टाउन सक्नेछ । त्यति मात्र होइन त्यस व्यक्तिले अन्तरमुखी भई आफुले आफैलाई चिन्न सक्नेछ । आजको संसारमा जति पनि समस्याहरू आइरहेका छन् ती मध्ये धेरैजसो आफूले आफैलाई चिन्न नसकेको कारणले उब्जिएका समस्याहरू छन् ।"

२) हल शिलान्यास

सोहि दिन दिउँसो प्रजापति गौतमी अन्तरराष्ट्रिय भिक्षुणी विहारको प्रांगणमा धर्म उपदेश दिने भवनको शिलान्यास कार्य ध्यानगुरु पण्डिताभिवंश महास्थविर बाट सम्पन्न भएको थियो । हाल त्यस भवनको निर्माणकार्य तदारुकताका साथ सम्पन्न भइरहेको समाचार छ ।

### कमलको फूल पोखरी

काठमाडौं ज्यापू महागुठीको तत्त्वावधानमा लुम्बिनीस्थित प्रजापति गौतमी अन्तरराष्ट्रिय भिक्षुणी विहारको प्रांगणमै कमलको फूल पोखरी निर्माण कार्य शीघ्र रुपमा संचालन भइरहेको छ । स्मरणिय छ उक्त पोखरीको शिलान्यास भिक्षु कालुदायीबाट भएको थियो ।

### बुटवलमा साप्ताहिक धर्मदेशना

स्थान- बुटवल, २०५४ फागुन २१-२७ गते

बुटवलमा बुद्ध धर्म र संघ गुण स्मरण गरी परित्राण पाठ र धर्मदेशना कार्यक्रम सम्पन्नं गरिएको समाचार छ । उक्त कार्यक्रममा धर्मदेशना गर्नुहुने भिक्षुहरू भिक्षु चुन्द, भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु सुदर्शन, भिक्षु भद्दिय र भिक्षु कौण्डञ्ञ आदि हुन् । बुद्ध शिक्षामा आधारित धर्म देशना सुनेर स्थानिय बासिन्दाहरू प्रभावित भएको पनि समाचार छ ।

बुटवल परमचैत्य विहारको तत्त्वावधानमा संचालित उक्त साप्ताहिक धर्मदेशना कार्यक्रममा २७ गते दिनभरि नै भिक्षुसंघबाट महापरित्राण पाठ सम्पन्न भएको थियो ।

स्मरणीय छ बि.सं. २०१६, बि.सं. २०५३ मा दुईठाउँमा र बि.सं.२०५४ फागुन समेत गरी बुटवलमा क्रमश: प्रथम, द्वितीय तृतीय र चौठौ पटक गरी जम्मा चार पटक महापरित्राण गरिएको कुरो बुझिएको छ । पछिल्लो पटकको महापरित्राण पहिलाको भन्दा भव्य रुपमा सम्पन्न भएको चर्चा पनि छ । साप्ताहिक अखण्डरुपमा पद्मचैत्य विहारको ज्ञानमाला भजन पनि भएको थियो ।

### प्रथम वार्षिक उत्सव

२०५४ फागुन २३ गते । मैत्रीय युवा संघ भक्तपुरको प्रथम वार्षिक कार्यक्रम थथुबहीमा सम्पन्न भयो । उक्त कार्यक्रम भिक्षु कोण्डन्यबाट पानसमा बत्ती बाली उद्‌घाटन पछि संघका रुद्र चित्रकारले स्वागत भाषण गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

प्रमुख अतिथि भिक्षु कोण्डन्यले बुद्धले दिनु भएको उपदेश दु:ख र दु:खबाट मुक्तिका उपायको बारेमा मन्तव्य व्यक्त गर्नुभयो र समाज सेवामा पनि युवाहरू अग्रसर हुनु पर्ने कुरामा जोड दिनुभयो ।

दिलमोहन मास्केले आफू बुद्धको शिक्षा प्रति प्रभावित भएको र समाजमा देखा परेका विकृतिहरू हटाउने युवाहरूको दायित्व भएको कुरा व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा धनरत्न शाक्य, बाबुकाजी बज्राचार्य र सिद्धिचन्द्र बज्राचार्यहरूले मैत्रेय युवा संघद्वारा भइरहेको पाक्षिक कार्यक्रमबाट आफूहरू प्रभावित भएको र मैत्रेयको अर्थ सबैसंग मिलेर काम गर्नु एक आपसमा सहयोगको भावना बोकी काम गर्नु हो भनी विचार व्यक्त गर्नुभयो ।

संघका वार्षिक आय-व्यय र प्रतिवेदन भुवन शाक्य र कृष्ण शाक्यले प्रस्तुत गरेका थिए ।

उक्त कार्यक्रममा गत फागुनमा दिवंगत भएको ८० वर्षको महायानी भिक्षु आसवपको पुण्यस्मृतिमा १ मिनेट मरणानुस्मृति भावना गरेको समाचार छ ।

उक्त सभाका सभापति संघका अध्यक्ष तीर्थराज बज्राचार्य हुनु भएको थियो ।

मैत्रीय युवा बौद्ध संघको वर्ष भरिको प्रवचन कार्यक्रम यसरी सम्पन्न भयो ।

| *प्रवचक* | *विषय* |
|---|---|
| डा. केशवमान शाक्य | पृथ्वीमा मानवहरूको उत्पत्ति |
| डा. भिक्षु सुनन्द | पञ्चशीलको महत्व |
| हर्षमुनि शाक्य | नेपालमा बुद्ध धर्मको अवस्था |
| भिक्षु धम्मशोभन | सम्राट अशोक र अस्त्र सस्त्र त्याग |
| लोक बहादुर शाक्य | हीनयानको महत्व |
| रक्तसंचारका प्रमुख सरद कसा र प्राविधिक केदार कारञ्जित | रक्तदानको महत्व |
| भिक्षु अश्वघोष | अमेरिका भ्रमणको जानकारी |
| पुष १९ गते संघका परिवार | शैक्षिक भ्रमण |
| राम कृष्ण बैद्य | मंगलको व्यावहारिक पक्ष |
| एस.पी. रामरषा झा | समाजमा शान्ति सुरक्षा सम्बन्धी |
| प्रहरी जिल्ला कार्यालय | प्रहरीको भूमिका |

**बुद्ध विहार बनाउन जग्गा दान**

म्याग्दी, बेनी - २३ फागुन । बुद्ध धर्म विश्वमा प्रचलित विभिन्न धर्महरूमा सबैभन्दा शहनशील र विनम्र धर्म हो । जग्गा दान जस्तो पुण्य कार्य समाजको लागि एउटा उदाहरणीय कार्यमात्र नभै दायक दाता हुनुका साथै देवता हुनुको भाव पनि हो । उपरोक्त कुरा म्याग्दी बेनीको मङ्गलाघाटमा बुद्ध विहार निर्माणको लागि जग्गा दान कार्यक्रममा समुद्घाटन पछि प्रमुख अतिथिको आशनबाट बोल्दै म्याग्दीका प्रमखु जिल्ला अधिकारी केशर बहादुर बानियाले भन्नु भयो ।

म्याग्दी बेनीमा गुणवान  व्यक्तित्वको रुपमा परिचित तुल बहादुर साहुको नामले प्रख्यात स्व. तुल बहादुर शाक्य र उहाँका स्वर्गीय पत्नीहरू डल्ली शाक्य, विष्णु कुमारी शाक्य र गणेश कुमारीका नाममा उहाँको पुत्र श्री पुण्य बहादुर शाक्यले आफ्ना स्वर्गीय माता-पिताको स्मृतिमा आफ्ना ३ भाइ छोरा र परिवारको सल्लाहमा बुद्ध विहार निर्माणार्थ हाल चालू मूल्यमा कम्तिमा पनि रु १५ लाख पर्ने बेनीको रमणीय स्थल मंगलाघाटको १ रोपनी जग्गा म्याग्दी बौद्ध संघलाई दान गर्नुभयो । जग्गा दाता श्री पुण्य बहादुर शाक्यले दान गर्नुभएको जग्गाको माटो प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी मार्फत म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठलाई हस्तान्तरण गर्नुभयो ।

उपरोक्त जग्गा दान कार्यक्रममा म्याग्दी जि.वि.स.का सभापति नवराज शर्माले विश्वमा प्रचलित थुप्रै धर्मले प्राणीलाई ईश्वरका सन्तान मान्ने गरिएको भएता पनि प्राणी प्राणी वीच भेदभाव र हिंसादी कर्म हुने गरेको बताउनु हुँदै बुद्ध धर्मका अरु कुराहरू सम्झन बुझ्न नसके पनि अहिंसा शब्दलाई मात्र पनि मनन गरेर व्यवहारमा उतार्न सके ठूलै उपलब्धि हुने कुरा बताउनु भयो । मैत्रीसंघ, पोखराका अध्यक्ष विश्व शाक्यले आ-आफ्ना संस्कार अनुसार धर्म सबैले गरिरहने भएता पनि जग्गा दान जस्तो पुण्य कार्यले धर्मको संरक्षण गर्ने मात्र नभै सम्वर्धन हुने प्रसङ्ग पनि उल्लेख गर्नु भयो ।

बौद्ध परम्परा अनुसार भिक्षु श्रद्धानन्दले शील प्रार्थना गराउनु भएपछि र बुद्ध पूजाबाट प्रारम्भ भएको उक्त कार्यक्रममा अठुङ्गे गा.वि.स.का अध्यक्ष हरिकृष्ण श्रेष्ठ, म्याग्दी मुस्ताङ्गका समाजसेवी तथा म्याग्दी बौद्ध संघका सल्लाहकार जय प्रसाद शेरचन, दी रेयुकाई नेपाल म्याग्दीका अध्यक्ष लाल बहादुर बानिया, धर्मोदय सभा वाग्लुङ्गका अध्यक्ष श्रवणलाल शाक्यले शुभकामना



Downloaded from http://www.dhamma.digital

मन्तव्य व्यक्त गर्नुभयो । म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भएको उक्त कार्यक्रममा पोखराबाट पाल्नु भएका श्रद्धेय भिक्षु श्रद्धानन्दले धर्मदेशना गर्नुभएको थियो । यस औपचारिक समारोहलाई म्याग्दी बौद्धसंघका सल्लाहकार सुदर्शन कुमार श्रेष्ठले स्वागत भाषण गर्नुभएको थियो भने सचिव याम बहादुर शाक्यले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रममा पोखराकी अनगारिका कर्मशीला सहित बाग्लुङ्ग र पोखराका उपासक उपासिकाहरूको पनि उपस्थिति थियो ।

**न्ह्यसः लिसः कासा आयोजक समिति गठन**

२५४२ औं बुद्ध जयन्तीया लसताय् नीखुक्वगु "यल जिल्ला ब्यापी बुद्ध व बुद्ध धर्म सम्बन्धी न्ह्यसः लिसः कासा" तःजिक हनेत वंगु फाल्गुण १३ गते बुधबार कुन्हु न्याखाचोक यले विश्व शान्ति पुस्तकालययया बिशेष साधारण सभा च्वंगु जुल ।

भाजु हेराकाजी बज्राचार्यया सभापतित्वे जूगु सभाय पुस्तकालययया सकल आजीवन व साधारण सदस्यपिं दुथ्यागु छगू बृहत "न्ह्यसः लिसः कासा आयोजक समिति" गठन जुल । अथेहे १७ सदस्यीय छगू मूल कमिटी नं गठन जुल । मूल कमिटी अन्तर्गत थी थी ज्या तालाका वनेत थी थी विषयया १०गू उपकमिटी नं गठन जुल ।

उगु साधारण सभां यल जिल्लाया सम्पूर्ण पुस्तकालय/क्लव व संघ संस्थायात कासाय् ब्वति कया कार्यक्रम सफल यायत ईनाप नं यागु दु । कासाय् ब्वति कायेत आ वैगु चैत्र १५ गते तकया समय ब्युगु दु । उगु कासाया पाठ्य सफूत थुकथं खः ।

१. संक्षिप्त बुद्ध जीवनी - भिक्षु अमृतानन्द
२. विश्वमा बुद्ध धर्म - सम्पादक - भिक्षु सुदर्शन, अनुवाद-धर्मरत्न त्रिशूली (नेपाल, श्रीलंका व जर्मन जक)
३. नेपाल संस्कृतिया मूलुखा - हेमराज शाक्य (छुं अंश जक)
४. बौद्ध दर्पणया - प्रकाश बज्राचार्य (गृहस्थ उपदेश जक)
५. लुमंके बहपिं - भिक्षु सुदर्शन व डवलकाजी तुलाधर (छुं अंश जक)

## बहिनी तिमी महान हौं

✍ **हरिकृष्ण श्रेष्ठ**, धरान-१२

स्वार्थ भावना छोडेर
किशोर युवाहरू समेटेर
समाज कल्याण गर्दैछौं
अझ बढी गर्नेछौं ॥
सपना साकार गर्नलाई ।
अमूल्य समय प्रयोग गर्दैछौ ॥
हांसी हांसी सबैको दिल ।
जिती काम सफल गर्दैछौ ॥
भोका नाङ्गा बाल बच्चालाई ।
ज्ञानको ज्योती फैलाउन ॥
दात्री संस्था संग भिख मागेर ।
विद्यालय खोल्न लाग्दैछौ ॥
आँखा नदेख्ने बाल बालिकालाई ।
शिक्षा दिक्षा दिएका छौं ॥
बुद्ध सन्देश अर्तिहरू ।
सबैमा भर्न सफल भएका छौ ॥
कुलत, चोरी, बेभीचारी ।
गर्न हुन्न भनि सम्झाउछौ ॥
हिंसा गर्न पाप हो भनि ।
सबैलाई बुझाउछौ ॥
यी सबै कार्य गर्ने ।
समाजमा धेरै पाईन्न ॥
त्यसैले तिमीलाई म भन्दछु ।
तिमी एक माहान छौ ॥
तिमी एक माहान छौ ॥

**"सबै संस्कार दुःखका कारण हुन् भनी प्रज्ञा युक्त भएपछि दुःखमय संसारका उपर वैराग्य उठ्ने छ, यही विशुद्धीको मार्ग हो ।" - धम्मपद**

**"पाको बुद्धि भएको शीलवान् साथी पाए, सबै प्रकारको बिघ्न-बाधा हट्छ अनि सचेत तथा प्रसन्न भई त्यस व्यक्तिको सत्संगत गर ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

# युवा बौद्ध जागरण प्रशिक्षण शिविर दोश्रोको समापन समारोह

२०५४ साल चैत्र २ गते देखि ४ गतेसम्म उदयपुर जिल्लाको हडिया गा.वि.स. को जनता मा.वि को हातामा संचालित युवा बौद्ध जागरण प्रशिक्षण शिविर दोश्रोको समापन समारोहको आयोजना गरियो । युवा बौद्ध जागरण समूह, उदयपुरको आयोजना र हिमालयन बौद्ध शिक्षण फाउण्डेशनको प्रायोजनमा आयोजित तीन दिवसीय सो शिविरको समापन कार्यक्रमको सभापतित्व हडिया गा.वि.स. का अध्यक्ष श्री धनीराम चौधरीले गर्नुभएको थियो । सो समारोहमा श्री चौधरीले आफ्नो गा.वि.स.मा बुद्ध धर्मको यस्तो कार्यक्रम संचालन गर्न पाउनु पुरै गाउँको लागि गौरवको कुरा भएको छ भन्ने धारणा व्यक्त गर्नुभयो ।

सो समापन समारोहमा थारु कल्याणकारी केन्द्रीय समिति, साँस्कृतिक मन्त्री श्री मोतीलाल चौधरीले थारु जन-जातिबाट संचालित यस शिविरबाट प्राप्त गरेको बुद्ध धर्मको ज्ञान गुणहरू विभिन्न जिल्लाबाट आउनु भएका प्रशिक्षार्थीहरूबाट आफ्नो गाउँ फर्किंदा प्रचार प्रसारमा संलग्न हुन अनुरोध गर्नुभयो ।

सो अवसरमा प्रा. जनक नेवाले बुद्ध धर्मको सैद्धान्तिक पक्षलाई चर्चा गर्नुहुँदै वहाँले हृदय परिवर्तनको लागि यस्तो शिविरको महत्व र आवश्यकता माथि पनि चर्चा गर्नुभएको थियो ।

थारु विद्वान् तथा प्रशिक्षक श्री तेजनारायण पञ्जियारले थारु जाति नेपालको एक मात्र उपेक्षित जाति भइकन पनि बुद्धको वंशीय भएको माथि प्रकाश पार्नु हुँदै काठमाडौं उपत्यकामा जसरी बुद्ध धर्मलाई उकास्ने नेवारहरूको जति बाहुल्यता थियो त्यति नै नेवार जातिको संस्कृति नेपालको हो भने नेपालको संस्कृति एउटै मात्र नेवार जातिको हो । यस्तै तराईको भेगमा हामी फर्केर हेऱ्यौं भने थारुको संस्कृति तराईको हो भने तराईको संस्कृति थारु जातिको हो भनी अति प्रसंशनीय उदाहरण स्वरूप प्रकाश पार्नुभयो ।

हडिया गा.वि.स.का उपाध्यक्ष श्री धनेन्द्र प्रसाद खड्काले सो समारोहको सफलता भएकोमा खुशी व्यक्त गर्नुहुँदै विश्वमा अशान्ति र त्रासको जीवन बिताउनु परिरहेको अवस्थामा बुद्धको शान्तिको कदमलाई मनन र पठनीय भएको छ । थारू संस्कृति र बुद्धको बीचमा सम्बन्ध भएको शिविरबाट हासिल गरेको ज्ञानलाई यथास्थानमा प्रयोग गर्दै लानु पर्दछ भनी भन्नुभयो ।

सो सामारोहमा प्रशिक्षक शाक्य सुरेनले शाक्य र थारु जाति दुवैको संस्कार र व्यावहारिक पक्षलाई केलाउँदा फरकतामा कमी नभएको हुँदा दुवैले हातेमालो गरी आजको युगमा विश्वमा कुनै पनि व्यक्तिलाई बुद्ध धर्मको प्रचार प्रसार गर्न क्षमतावान हुनुपर्छ । साथै विपश्यना ध्यानको पनि चर्चा गर्नुभएको थियो ।

प्रमुख अतिथि श्री हर्षमुनी शाक्यले शिविरमा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्दै शिविर कम समयको भएपनि यहाँबाट प्राप्त गरेको ज्ञानलाई ठीक बाटोमा लानेतर्फ अग्रसर हुनु पर्ने माथि चर्चा गर्नुहुँदै सोचेभन्दा बढी व्यक्तिको सहभागी भएको र सबै अनुशासित भई युवा र बृद्धाको भावना कसैमा पनि उत्पन्न नभएको देख्दा म र मेरा सहपाठी सबै आफ्नो पथ प्रदर्शनमा सफलता पाएको महसूस गरेको छु भनी भन्नुभयो ।

सो समारोहमा शुभनारायण चौधरी, सिताराम चौधरी, उमाकान्त चौधरी, परशुराम चौधरीबाट आ-आफ्ना विचार व्यक्त गर्नुभयो । साथै प्रशिक्षार्थीहरूको तर्फबाट शरिभक्त प्रसाद चौधरी, बिमलादेवी चौधरी, रामेश्वरी देवी चौधरी, श्रीलाल चौधरी, सन्तोष कुमारी चौधरी तथा राजेश्वरी चौधरीहरूले पनि बोल्नु भएको थियो ।

युवा बौद्ध जागरण समूहका सचिव विष्णु कुमार चौधरीले शिविरमा भएको आय-व्यय पढेर सुनाउनु भएको थियो । सोही समूहका अध्यक्ष बासुदेव चौधरीबाट उपस्थित अन्य बुद्धिजीवी तथा सहयोगीहरूलाई धन्यवाद दिनुहुँदै शिविरमा सिराहा, उदयपुर र सप्तरीका ७९ जना प्रशिक्षार्थीहरूले भाग लिएको जानकारी गर्नुभयो । सो कार्यक्रमको प्रारम्भमा शुकदेव चौधरीबाट स्वागत भाषण गरिएको थियो ।

सो शिविरको उद्घाटन कार्यक्रम २०५४ चैत्र २ गते प्रमुख अतिथि श्री हर्षमुनी शाक्यले बुद्धको फोटो अगाडि मैनबत्ती बाली गरिएको थियो । सो कार्यक्रमको सभापतित्व श्री वासुदेव चौधरीले गर्नुभएको थियो ।

स्वयम्भू ज्ञानमाला भजन खल:का अध्यक्ष शान्तरत्न शाक्यले बुद्धको त्रिशरण पञ्चशीलबाट प्रारम्भ गरिएको सो समारोहमा प्रा. जनक नेवा:, मोतिलाल चौधरी, शाक्य सुरेन, विपिन्द्र महर्जन, तेजनारायण पञ्जियार, महेश चौधरी, परशुराम चौधरी र हरिभक्त चौधरीहरूबाट आ-आफ्ना मन्तव्यहरू व्यक्त गर्नुभएको थियो ।

सो सामारोहका स्वागत भाषण सिताराम चौधरीले गर्नुभएको थियो । यसअघि सुश्री प्रयाग चौधरीले स्वागत गान प्रस्तुत गर्नुभएकी थिइन् ।

बौद्ध जागरण शिविरमा तेजनारायण पञ्जियार, शान्तरत्न शाक्य, सुरेन शाक्य, विपिन्द्र महर्जन, हर्षमुनी शाक्य, प्रा. जनक नेवा: र महेश चौधरीहरूबाट प्रशिक्षण कक्षा लिनु भएको थियो ।

मुद्रक : "न्यू नेपाल प्रेस" • अफिस फोन : २५९०३२, २५९४५० फ्याक्स : (९७७-१) २५८६७८, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital